विक्रम १९४६ संवत्‌देखि अविच्छिन्न प्रकाशित, नेपाल पञ्चाङ्ग निर्णायक समितिबाट स्वीकृत
नेपालको पहिलो आधिकारिक सर्वाधिक विषयले सुसज्जित राष्ट्रिय पञ्चाङ्ग

श्री शालिवाहनीय शाके १९४५
नेपाल संवत् ११४३-११४४
2023-2024 A.D.
गत कलि संवत् ५१२४
सृष्टितोगताब्दा १,९५,५८,८५,१२४
पिंगलनामकः संवत्सर

राजाः बुध

मन्त्रीः शुक्र

ज्योतिषी पण्डित श्री तोयनाथ पन्तद्वारा स्थापित

तोयनाथ पञ्चाङ्ग २०८०

मूल्य रु. १५१/-

चतुर्भुज प्रकाशनका लागि सूर्यनाथ पन्तद्वारा सम्पादित तथा
प्रकाशित सम्पर्क फोन नं. ४२६३१३१

chaturbhuj.prakashan@gmail.com
www.toyanathpatro.com
facebook.com/toyanathpatro

तोयनाथ पञ्चाङ्ग

संस्थापक:
ज्यो.पं.श्री तोयनाथ पन्त
वि.सं. १९००-१९७५

संवर्द्धक:
ज्यो.पं.श्री पुष्कलनाथ पन्त
वि.सं. १९४८-१९९०

संरक्षक:
ज्यो.पं.श्री सत्यनाथ पन्त
वि.सं. १९८०-२०४८

संयोजक:
श्री प्रेमनाथ पन्त

सम्पादक:
सूर्यनाथ पन्त

पञ्चाङ्ग गणनाकार:
श्रीधरनाथ पन्त

सम्पादन सहयोगी:
सर्वज्ञनाथ पन्त / संज्ञा पन्त

बजार व्यवस्थापक:
गुरु पुस्तक विक्रेता, भोटाहिटी, काठमाडौं, फोन: ५३३१२४२ ९८५११८११२५

CHATURBHUJ PRAKASHAN
चतुर्भुज प्रकाशन

प्रकाशक तथा वितरक:
चतुर्भुज प्रकाशन
क्षेत्रपाटी, काठमाडौं, नेपाल
फोन: ०१ ४२६३१३१
इमेल: chaturbhuj.prakashan@gmail.com

धर्म-साँस्कृतिक सहिष्णुता कायम राखौं

एक-अर्काको धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।

एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम गरौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति

काठमाडौं, नेपाल, फोन नं. ४५१९०९३

स्वीकृति र शुभकामना

नेपालमा प्रचलित सांस्कृतिक परम्परा, चाडपर्व, आदि समस्त धार्मिक एवं सामाजिक कार्यहरूको शास्त्रीय र परम्परागत स्वरुप नै पञ्चाङ्ग (पात्रो) हो । धार्मिक एवं सामाजिक कृत्यहरूको मूल आधार भनेको तिथि, वार, नक्षत्र, योग, करण तथा ग्रहस्पष्ट, ग्रहोदयास्त आदि हुन । गणितद्वारा निर्धारित विषय वस्तुहरूको आधारमा धर्मशास्त्र र पारम्परिक विधिविधान अनुसार व्रत, पर्व, उत्सव आदिको निर्धारण गरिन्छ । अनुभवी एवं दक्षगणकहरूद्वारा गणना गरिएको ग्रहस्थिति, तिथिनक्षत्रादिमा एकरुपता कायम गरी शास्त्रीय विधिविधान र देशाचारको समेत पालना गरी धर्मशास्त्र र नेपाली परम्पराका विशिष्टज्ञाता एवं विभिन्न सम्प्रदायका विशेषज्ञहरूको राय सुझाव र निर्देशन अनुसार तयार गरिएको वि.सं.२०८० सालको पञ्चाङ्ग प्रकाशन गर्न "तोयनाथ पञ्चाङ्ग" पञ्चाङ्गकार ज्यो. सूर्यनाथ पन्तलाई स्वीकृत प्रदान गरिएको छ ।

यो पञ्चाङ्ग निर्माणगर्ने कार्यमा सहभागी हुनेहरूमा आमन्त्रित ज्योतिविद् धर्मशास्त्रज्ञ र नेपाली संस्कृतिका मर्मज्ञ विद्वानहरूका अतिरिक्त समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारी, सदस्यहरूमा पञ्चाङ्गकार प्रा.ज्यो.पं. पद्मनाभ त्रिपाठी, प्रा.डा. देवमणि भट्टराई, डा. बासुदेवकृष्ण शास्त्री (कोइराला), श्रीमती तनुजा दाहाल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि उप-सचिव श्री पुण्यमाया गुरागाई र सदस्य-सचिव/कार्यकारी निर्देशक ज्यो.पं.सूर्यप्रसाद ढुङ्गेल हुनुहुन्छ । यस्तै पञ्चाङ्ग गणनागरी तयार गर्ने पञ्चाङ्गकारहरू मध्येका ज्योतिषी सूर्यनाथ पन्त, ज्यो.पं.विश्वराम शर्मा (सापकोटा), श्री मुरारीराज पाण्डे, ज्यो. डिल्लीराज जोशी, ज्यो.पं. दिव्यपुरुष ढकाल, ज्यो. सुबोध ढुङ्गेल, डा. लोकराज पौडेल, ज्यो. शशिधर जोशी, ज्यो. दामोदर जोशी, श्रीकेश कौशिक, दैवज्ञ कीर्तिकिरण जोशी, दैवज्ञ सिद्धिलक्ष्मी व्यञ्जनकार, ज्यो.पं.चेतराज उपाध्याय र ज्यो.पं.नारायणप्रसाद नेपाल हुनु हुन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिद्वारा स्वीकृत पात्रो प्रयोग गर्न समस्त पाठक वर्गमा हार्दिक अनुरोध गरिन्छ । यस समितिवाट स्वीकृत प्राप्त नगरेका पात्रोहरूमा उल्लेखित तिथि, नक्षत्र, चाडपर्व आदिका विषयमा यो समिति जवाः देही हुने छैन । यो समिति निर्देशित तथा स्वीकृतिप्राप्त पञ्चाङ्गलाई अझ बढी शास्त्रीय र मर्यादित बनाउन सकारात्मक सुझावकोलागि समस्त विज्ञज्जनमा हार्दिक अनुरोध गरिन्छ । अन्त्यमा, वि. सं. २०७९ सालको नव वर्षारम्भको शुभोपलक्ष्यमा देश-विदेशमा रहनु हुने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा यो समिति हार्दिक मङ्गलमय शुभकामना समेत व्यक्त गर्दछ ।

प्रा. श्रीकृष्ण अधिकारी
(अध्यक्ष)

ज्यो ति स्वरुप गणितज्ञ महत्व सिद्ध
पं चा मृतै सरह नैष्ठिकता प्रबुद्ध
स्व र्णा क्षरै छ जसको इतिहास शुद्ध
श्री युक्त पन्त कुलका बहुतै प्रसिद्ध
तो यै समान गुणले परिपूर्ण धन्य
य स्ता सुयोग्य मतिको महिमा अनन्य
ना ना पुराण सब शास्त्रहरू पढेर
थ प्दा बयान सकिँदैन कतै भनेर
पं त प्रसिद्ध कुलदीपक तोयनाथ
त द् वंश पुत्र पनि पुष्कलनाथ साथ
को थैं सदा गणित सत्य र प्रेमनाथ
प ञ्चाङ्ग पूर्ण अब गर्दछ सूर्यनाथ
चां जो मिलाउनु छ थाम्न परम्परामा
ग र्छु निवेदन भूले जतिको कुरामा

भरतराज पन्त, साहित्याचार्य

प्रकाशकीय

सर्वाधिक महानुभावहरूको अपार समर्थनवाट अभिप्रेरित भएर समाजोपयोगी विषय सहित प्रस्तुत गर्ने सिलसिला जारी छ । देश-काल र परिस्थिति अनुसार यस वर्षको बजारभाउमा अत्याधिक वृद्धिसँगै यसको उत्पादन लागतमा पनि धेरै नै वृद्धि हुन पुग्यो । तर हामी सर्वसाधारणलाई धेरै बोझ हुन नदिई सामान्य ढङ्गले विक्रय मूल्यमा वढोत्तरी गर्नु पर्ने बाध्यतालाई स्वीकार गरी विगतमा झैं प्राप्त सद्भाव र सहयोगको आशा राखेको छु ।

पञ्चाङ्ग निर्माणमा प्रशस्तै परिश्रम पर्ने हुँदा आधिकारिक पञ्चाङ्गकारलाई थाहै नदिई आधिकारिक पञ्चाङ्गवाट अनाधिकृत रूपमा व्यावसायिक कार्यको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले सरोकारवाला सबैलाई निति-नियममा राख्दा राम्रो होला । व्यावसाय प्रवर्धन गर्ने उद्देश्यले प्रकाशित हुने पञ्चाङ्ग (पात्रो) तथा क्यालेण्डरको नियन्त्रण अधिकार नेपाल सरकारले प्रदान गरेको तर कसैले गठन आदेश अनुसार नियम उल्लङ्घन गरेको देखिएकामा त्यस्ता कार्यलाई निरुत्साहित गर्नु पर्नेमा बरु प्रोत्साहन गरिएको देखिन्छ ।

नेपाल सरकार समक्ष अनुरोध गर्दछु कि, नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले पञ्चाङ्ग तथा क्यालेण्डर प्रकाशनार्थ स्वीकृति गर्दा नेपाल सरकारले निर्णय गर्ने छुट्टीको सूचि आए पछि मात्र सरोकारवाला सबैलाई अनुमति दिँदा समितिको औचित्यको कदर हुन जाला ।

यस पञ्चाङ्गलाई लोकप्रिय बनाउनु हुने समस्त आदरणीय जनमानसमा सधन्यवाद टक्र्याउँदै, विगतवर्षहरूमा जस्तै प्राप्त सद्भाव कायमै हुनेछ भन्ने अभिलाषाको अटल विश्वासका साथ नववर्ष २०८० ले हामी सबैलाई उत्साह, उमङ्ग, खुसी र चीरशान्ति कायम गरोस् भनी हार्दिक शुभकामना अर्पण गर्दछु ।

२०७९-१०-९

चतुर्भुज प्रकाशनका लागि
सूर्यनाथ पन्तद्वारा सम्पादित तथा प्रकाशित

यस पञ्चाङ्गका विक्रेताहरु

सुकुन्दा पुस्तक भवन भोटाहिटी, काठमाडौं	☎ ४२२०३७९
एम. के. पब्लिशर्स भोटाहिटी, काठमाडौं	☎ ४२४९८३६
हेरिटेज पब्लिशर्स / डिस्ट्रिब्यूटर्स भोटाहिटी	☎ ४२२१२९१
वज्रवाराही बुक सप्लायर्स भोटाहिटी, काठ.	☎ ४२२८५६३
सब-वे पुस्तक / पोस्टर भण्डार भोटाहिटी	☎ ४२३०११०
लक्ष्मी दिदी भोटाहिटी, काठमाडौं	☎ ९८०८६४३४३४
दुर्गा न्यूज / बुक्स डिस्ट्रिब्यूटर्स भुगोलपार्क	☎ ४.२४४०९२
बालकृष्ण बुक्स सेन्टर नयाँसडक, काठमाडौं	☎ ९८४९१४९८८२
एलाईड न्यूजपेपर डिष्टिब्यूटर्स नरदेवी	☎ ४२६१९४८
यज्ञराज न्यौपाने वागवजार, काठमाडौं	☎ ९८४११८४७४५
पशुपति पूजा सामग्री भण्डार काठमाडौं	☎ ९८५१०५८०४०
गोपीकृष्ण चौलागाई मङ्गलवजार, ललितपुर	☎ ९८४११८४७४५
राम न्यूजपेपर सप्लायर्स कोपुण्डोल, ललितपुर	☎ २१२३३५२
वच्चन ध्वज जोशी भक्तपुर	☎ ९८४१२१३५२२
जयकाली प्रकाशन प्रा. लि. काठमाडौं	☎ ९८६९७२७८१५
उपत्यका बाहिर:	
शरण उत्सुक त्रिशूलि, नुवाकोट	☎ ९८५१००२९३८
प्रशंसा बुक्स एण्ड स्टेशनरी नुवाकोट	☎ ०१०५६१२०९
प्रगति पुस्तक पसल विर्तामोड, झापा	☎ ०२३ ५४४६३८
न्यू मनकामना पुस्तक पसल धरान	☎ ९८५२०४९९१३
श्याम पुस्तक भण्डार विराटनगर	☎ ०२१-५२६३४५
सत्यनारायण मन्दिर विराटनगर	☎ ९८४२२२७२७०
अखिलेश्वर पुस्तक पसल लालवन्दी, सर्लाही	☎ ९८४४२८७८७८
काभ्रे भगवती पुस्तक पसल सिन्धुली	☎ ९८४४०४१९८२
अर्चना राज इन्टरप्राइजेज लहान	☎ ९८५२८३०५५५
जानकी पुस्तक भण्डार जनकपुरधाम	☎ ५२००९२
लक्ष्मी पुस्तक भण्डार ढल्केवर	☎ ९८१४८५९३७८
झिगु समाचार पुस्तक केन्द्र वीरगञ्ज	☎ ५२८९१८
श्री समाचार केन्द्र हेटौंडा, मकवानपुर	☎ ९८४५४००१७२
नारायणी पुस्तक सदन नारायणगढ	☎ ५२१२८०
वैदिक पूजा सामाग्री भण्डार नारायणगढ	☎ ९८५५०६३२४७
भट्टराई पूजा पसल पोखरा	☎ ९८४६०५८४५३
श्रेष्ठ न्यूज एजेन्सी तानसेन, पाल्पा	☎ ५२०१८२
नेपाल बुक्स बुटवल	☎ ९८५७०३१४३७
दुर्गा पुस्तक तथा पूजा सामाग्री भण्डार बुटवल	☎ ९८४२०८०४१९
माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी नेपालगञ्ज	☎ ५३६७४५
न्यौपाने बुक्स डस्ट्रिब्यूटर्स कटारी	☎ ९८५२८३६३५३
मञ्जुश्री इन्टरप्राइजेज कोहलपुर, बाँके	☎ ९८५८०२०९३६
दीपज्योति ट्रेड सप्लायर्स(मल्टी ट्रेडर्स) कैलाली	☎ ९८५८७५१३३८
मल्टी ट्रेडर्स लम्की	☎ ९८४८४४२२६३
हाम्रो पुस्तक पसल सुर्खेत	☎ ९८५८०५०१२२
अल्फा स्टेशनरी सेन्टर सुर्खेत	☎ ९८५८०५११६२
आर्यन पुस्तक पसल सुर्खेत	☎ ९८५८०५०५८४
नवीन बुक्स सुर्खेत	☎ ९८५८०५११०३
श्री केदार पुस्तक एण्ड सप्लायर्स दिपायल, डोटी	☎ ९८४८४५३२२५
लक्ष्मीभक्त / रामजी श्रेष्ठ डोटी, सिलगढी	☎ ४२००२८
चनैराज पुस्तक पसल बैतडी	☎ ९७५९५००६७६
लक्ष्मी यम स्टेशनरी खोड्पे (बैतडी)	☎ ९८४८७४९८७
समैजी पुस्तक भण्डार डडेलधुरा	☎ ९८५८७५११४९
नेगी ट्रेड एण्ड सप्लायर्स धनगढी, कैलाली	☎ ९८४८४२५५६०
न्यू मिश्रा बुक्स धनगढी, कैलाली	☎ ९८५८४२१५०९
श्री मिश्रा ब्रदर्स धनगढी, कैलाली	☎ ९८४८४५००००
चौधरी बुक डिपो धनगढी, कैलाली	☎ ०९१ ५२१२५०
पवन पुस्तक पसल धनगढी, कैलाली	☎ ०९१ ५२३४००
हाम्रो पुस्तक पसल अत्तरिया, कैलाली	☎ ९८४८४२३५४४
चौलानी पुस्तक भण्डार प्रा.लि., धनगढी	☎ ०९१ ५२७२६१
गलैनाथ पुस्तक पसल, धनगढी	☎ ९८४८८३६२४४
ज्योति बुक्स टीकापुर	☎ ९८५८४२१५२०
प्रतिक बुक्स टीकापुर	☎ ९८४८४२१३१८
दुर्गा पुस्तक भण्डार कञ्चनपुर	☎ ५२१४६८
चौलानी पुस्तक भण्डार प्रा.लि. महेन्द्रनगर	☎ ५२४०६८
न्यू महारुद्र पुस्तक भण्डार महेन्द्रनगर	☎ ५२५३६७

साथै देशैभरका पुस्तक तथा पत्र-पत्रिका पसलहरूमा उपलब्ध

विषय सूची

विषयहरू .... पृष्ठ

१. पञ्चाङ्ग सम्बन्धी ४
२. वार्षिक भविष्य फल, जगल्लग्न फल, आयव्यय, मेषतुलादि विषुवत् तालिका ६
३. मासिक भविष्य फल ७
४. संवत्सर फल, अढैया र साढेसाती दशा १०
५. वार्षिक राशिफल ११
६. होडा ज्ञान, नामको पहिलो अक्षरबाट वर्ग हेर्ने र नक्षत्र-स्वामीको शुभशुभादि विशेष संज्ञा १४
७. सप्तवर्ग (होरा, द्रेष्काण, त्रिशांश, सप्तमांश, नवमांश, द्वादशांश) साधन विधि १५
८. वरवधूको गुण मेलापक तथा व्रतवन्धविवाहमा सूर्यचन्द्रवृहस्पति जुराउने तालिका १६
९. ग्रहहरूको मित्रादि सहित सर्वपयोगी, शिववास, होरा मुहूर्त्ता तथा चोरी ज्ञान विचार १८
१०. अग्निवास, ग्रह सन्मुख, सर्वघात, चन्द्रमाको अङ्गवर्ण-दिशा ज्ञान, वाणपञ्चक, दिवारात्रिका वारवेला, योगिनी, द्रेष्काण, भद्रा निवास र मूल निवासको फल १९
११. वर्षकुण्डली एवं जन्मभाव गोचर तथा गोचरको शुभस्थानमा जन्म राशि र ग्रहप्रवेश राशिसम्मको शुभाशुभ गणना २०
१२. स्त्रीपुरुष जन्मकुण्डली फल, राहुमुख तालिका तथा भूकम्प आउदाको फल २१
१३. प्रथम लग्न तथा पञ्च-सप्तशलाका विवरण २२
१४. दशम लग्न तालिका र पञ्चक दाहशान्ति २३
१५. वार्षिक व्रतपर्वमन्त्रहरू २४
१६. संक्रान्ति, चन्द्र-सूर्य र नक्षत्र फल २६
१७. पञ्चाङ्गपक्ष आरम्भ ३०
१८. पञ्चाङ्गपक्ष समाप्त ५५
१९. सूर्योदय समयको दैनिक ग्रहस्पष्ट, मेषादि लग्नको दैनिक समय र क्रान्ति-वेलान्तरको तालिका ५६
२०. विभिन्न मुहूर्त्ता(साइत)हरूको विवरण ६८
२१. बच्चा जन्मदाको विचार तथा मूलादि भोग्यफल, कलश, चुल्ही, कूप, द्वार, वृषवास्तु, काष्ठस्थापना, पुराण श्रवण, फणि, हल, विद्यादिको तालिका ६९
२२. पाञ्चायन देवता स्थापना र षोड्शोपचार विधि ७१
२३. जन्मोत्सव पूजा ७२
२४. आशोच (जन्म / मरण) सम्वन्धी विचार ७३
२५. वास्तुशास्त्रीय विचार ७४
२६. नवग्रहको विवरण, वर्षप्रवेश सारिणी, दिवा रात्रौ मुहूर्त्ता र उनमासिक जुराउने तरिका ७६
२७. विंशोत्तरी-त्रिभागी तथा योगिनी दशान्तर ७८
२८. नेपालको जिल्ला सदरमुकामका अंक्षाश, देशान्तर, प्रमाणिक समयान्तर तालिका तथा विश्वका केही राष्ट्रसँग नेपालको समयान्तर ७९
२९. उत्तर तथा दक्षिणको चर तालिका ८०
३०. सर्वार्थसिद्धि योग, शिववास-अग्निवास जुर्नेदिन ८२
३१. अन्नप्राशन, गृहारम्भ, गृहप्रवेश, धान्यच्छेदन, व्यापारिक प्रतिष्ठानारम्भ, समय:शुद्धि, व्रतवन्ध ८२
३२. विवाह मुहूर्त्तहरू र ग्रहण विवरण ८४
३२. वर्षका महत्त्वपूर्ण दिन / सुदूरपश्चिमका पर्वहरू ८६

धर्म-संस्कृति सम्बन्धी निर्णय गर्न र धार्मिक जागरणको अभियान चलाउनलाई सदैव सम्झौं ।

राष्ट्रिय धर्मसभा नेपाल

अनामनगर, काठमाडौं, नेपाल, ☎ ०१४२१८३०९

यस पञ्चाङ्ग सम्बन्धी

पञ्चाङ्गको मुख्य उद्देश्य विविध धर्म संस्कृतिको रीतिरिवाज अनुसार मनाउनुपर्ने चाडवाडमा व्रत, पर्व, उत्सवको जानकारी गराउनु हो । चाडपर्व निर्धारणगर्ने मूल विषय भनेको तिथि नक्षत्रादिको भोग्य समयको आधार हो । भोग्य समयको तत्थाङ्क विभिन्न पद्धतिहरू अपनाई सुत्रवद्ध ढङ्गले गणितीय आधारमा तिथि, वार, नक्षत्र, योग, करणले भोग्ने अवधिको मापन घडि पला तथा आधुनिक घडिको समयमा अनुवादगरी घण्टा मिनेट सेकेण्ड आदि प्रणालीमा हासिल गरिन्छ । यिनै पाँच अङ्गको सिलसिलावद्ध प्रस्तुतिको स्वरुपलाई पञ्चाङ्ग भन्ने गरिन्छ ।

नेपाली पञ्चाङ्गको इतिहासमा विक्रम संवत् १९४६ सालदेखि अनवरत रूपमा प्रकाशित भइरहेको क्रममा २०४६ सालमा शतबार्षिकी पुरा गरेको उपलक्ष्यमा, पञ्चाङ्गको भोग्यकाल घडि पलाको मापन सामान्यरूपमा बुझ्न कठिन हुने हुदाँ, विकल्पमा आधुनिक घडिको समयमा रुपान्तरणगरी घण्टा मिनेटमाराख्ने परम्पराको थालनी यसै पञ्चाङ्गबाट शुभारम्भ भएकोमा कारणवस् केहीवर्ष अवरुद्ध भए पनि २०६४ सालदेखि उक्त परम्परलाई पुन: निरन्तरता दिने प्रयास गरिएको छ । त्यतिवेलाको क्रमतालाई नविगार्दै तिथि, नक्षत्र, योग, पूर्वाद्ध र उत्तरार्द्ध करण, च. रा. (चन्द राशि) एवं ग्रहले भोग्ने अवधिको मापनलाई घडीपलाको साथै घ.मि. (बजेसम्म)मा राखिएको छ । दुवै करणको भोग्यकाल "घडि पलालाई रूपान्तरण गरी घण्टा मिनेट (बजे)सम्म" आदि अक्षरले संकेत गरिएको छ। दि.मा. (दिनमान)को भोग्यकालको समयलाई घडिपलामात्र समावेश गरिएको हुँदा दिनमानको भोग्यकाल बजेसम्म जान्नपरेमा घडिपलालाई अढाई (२.५)ले भाग गरेर हेर्न सकिन्छ ।

भद्रा, द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक आदिको मान्यावधिलाई पूर्ववत् दिदै आएको घडि पलाका साथै घण्टा मिनेटको लागि सोही घडि पलाको बायाँपट्टिको कोलममा उपयुक्त तिथि, नक्षत्र,करणको घडि पला मान्य अवधि बराबरको बजेसम्ममा हेर्दा हुन्छ ।

ग्रहहरूले भोग्ने अबधिको समयलाई "ग्रह सञ्चार घडिपलाका साथै अर्को कोलममा बजे देखि" नामाकरण गरी राखिएको छ । तसर्थ सबै अङ्गको घडि पलाका साथै घण्टा मिनेटमा समावेस गर्ने कार्यमा यो पञ्चाङ्ग पहिलो हुन पुगेको तथ्यलाई बढो गर्वले भन्न सकिन्छ ।

अझ बढी सरल बनाउने उद्देश्यले मुख्य अङ्गसंगै दैनिक ग्रहस्पष्ट, लग्नको समय तालिका एकै ठाउमा राखेर प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसबाट कुनै पनि दिनको दैनिक सूर्योदय समयको ग्रहस्पष्ट र दैनिक बाह्रै लग्नको समय तालिका राखिएको छ । सूर्य-चन्द्र, नक्षत्र, संक्रान्तिफल सहित वार्षिक राशिफल, मासिक फलादेश, दैनिक ग्रहस्पष्ट तथा दैनिक लग्न तालिका राखिएको छ। विगतदेखि दिइदै आएको वर्षभर कै केही प्रमुख चाडपर्व लगायत केही महत्वपूर्ण वैदिक मन्त्रहरू विवरण सहित यस पञ्चाङ्गलाई अत्यन्तै सुक्ष्म तवरले प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

"पञ्चाङ्गको भोग्यकाल समाप्तिमा हुन्छ भने ग्रहको भोग्यकाल चाँहि आरम्भ कालिन हुन्छ"

भद्राको समयमा कुनै पनि साइत नजुर्ने हुँदा द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक परेको बेलामो जन्म वा मरण भएमा त्यसवर्षमा उक्त वंशमा द्विपुष्करमा २, त्रिपुष्करमा ३ र धनिष्ठा पञ्चकमा पाँच नै जे भएको छ, त्यही हुन्छ भन्ने शास्त्रोक्ति अनुसार द्विपुष्क, त्रिपुष्कर र धनिष्ठा पञ्चक कुन दिन कुन समयमा पर्छ भन्ने हेतुले बडो महत्वकासाथ संलग्न गरिएको हो ।

पञ्चाङ्ग एवं ग्रहको भोग्यावधि र दैनिक लग्नारम्भको समयलाई घण्टा मिनेटलाई बजेमा परिवर्तन गर्दा मध्यान्ह १२ बजेपछिको समयलाई क्रमगत रूपमा १३, १४, ...२३ आदि देखिमध्य रातको १२ बजे पछिको समयलाई भने २४ घण्टामा घटाएर क्रमश: ०, १, २, ३, ४, ५ र ६ बजेमा भोलिपल्टको सूर्योदय नहुँदासम्मलाई अघिल्लै दिन सम्झनुपर्ने नियमानुसार क्रमबद्ध ढङ्गमा समावेश गरिएको छ ।

दैनिक लग्नको बारेमा भन्नुपर्दा कुनदिनको कुन समयमा कुन लग्न आरम्भ हुन्छ । त्यसै अनुसार आफ्नो कार्यतालिका निर्धारण गर्न सरल होला कि भन्ने उद्देश्यले यसलाई समाबेश गरिएको हो ।

यस पात्रोमा दिइएको हरेक लग्नको पछाडि नं.२,३,६,७,९,१२ शुद्ध अंशाको समय हो त्यसको समयकोलागि नजिकको ज्योतिषीसँग सम्पर्क राख्नु होला ।

कुनै पनि आवश्यक समयको लग्न गणना गर्नमा सूर्यादिस्पष्ट साप्ताहिक भन्दा दैनिक रूपमा हुदाँमा केही हदसम्म सरल हुन्छ कि भन्ने उद्देश्यले- सूर्य लगायत चन्द्र, मङ्गल, बुध, वृहस्पति, शुक्र, शनि तथा राहु-केतु ग्रहहरूको दैनिक सूर्योदय समयको दैनिक ग्रहस्पष्ट तालिका पनि प्रारम्भ गरिएको हो। पूर्ववत् दिइदै आएको अवधि इष्टकालीन साप्ताहिक ग्रहस्पष्ट कायमै गरिएको छ। हुनत ग्रहको स्थिति प्रत्येक क्षणमा बदलिने गर्दछ ।

यदि कसैको जन्म जुन स्थानमा भएको छ, प्रमाणिक पञ्चाङ्गको माध्यमबाट सो स्थानको स्थानीय सूर्योदयको आधारमा पञ्चाङ्ग निर्माण गरेर जन्मकुण्डली निर्माणगर्दा शुद्ध जन्म कुण्डली बनाउनमा सहायकसिद्ध होला की भन्ने बिचारले कुनै पनि ठाउँको पञ्चाङ्ग सूर्योदयको समयलाई चर-बेलान्तर-क्रान्ति द्वारा गणितीय माध्यमबाट प्रमाणिक पञ्चाङ्गको समयसँगको भिन्नता जान्नकालागि दैनिक चर, दैनिक क्रान्ति, विभिन्न ठाउँहरूको अंक्षाश, देशान्तर र प्रमाणिक समयान्तर तालिकानुसार गणना गरेर पनि हेर्न सकिन्छ । उपर्युक्त तालिका यस पञ्चाङ्गमा पनि केही वर्षदेखि समावेश गरिएको छ ।

आवश्यक ठाउँको अंक्षाशको आधारबाट कुनै समयको क्रान्तिको मिलन विन्दुको मापन एकाइलाई चर भनिन्छ । उत्तरी र दक्षिणी गोलार्द्धको चरविन्दु फरकफरक हुने गर्दछ ।

स्थानीय प्रमाणिक सूर्योदय =
६ घण्टा ± चर ± समयान्तर ± बेलान्तर

(क) अंक्षाश र क्रान्ति दुबै उत्तर वा दक्षिण भएमा चर -(ऋृण) ।
(ख) अंक्षाश उत्तर तथा क्रान्ति दक्षिण एवं विपरित अंक्षाश दक्षिण क्रान्ति उत्तर भएमा चर +(धन) ।
(ग) समयान्तर विपरित संस्कार +(धन) भए -(ऋृण) र -(ऋृण) भएमा +(धन) ।
(घ) बेलान्तर भने तालिकानुसार जे छ त्यसै गर्ने । (धन भए + तथा ऋृण भएमा-) ।

यस पञ्चाङ्गमा उल्लिखित चरतालिका नेपाल उपयुक्त किरणवक्री भवन संस्कृत चर भएको हुदाँ वैदेशिक सूर्योदय निकाल्दा चरमा पुनर्विचार गर्नुपर्ने हुन्छ । तर यस पञ्चाङ्गमा दिइएको चर तालिका नेपालको कुनै पनि आवश्यकीय ठाउँको प्रमाणिक सूर्योदय निकाल्न प्रयोग गर्न सकिन्छ। स्मरणरहोस् यस पञ्चाङ्गमा उल्लेखित समय अन्तर नेपालको गौरीशङ्कर हिमाल ८६° १५' (०° ०' ग्रीनवीच बाट सुरु भई पूर्वतर्फको) नेपालमान्य पूर्वीय देशान्तरको आधारमा नेपालको स्थानीय समायान्तर पूर्वतर्फ+(धन) र पश्चिमतर्फ-(ऋृण) तालिका प्रस्तुत गरिएको छ। समयान्तर जिल्ला सदर-मुकामको निश्चित ठाउँको भएकाले सदरमुकाम भन्दा पूर्वको समयमा २४ किलोमिटर बराबर १ मिनेट जोड्ने र पश्चिमको लागि घटाउने तर उत्तर दक्षिणमा केहि गर्नु पर्दैन ।

नेपालमा मनाइने प्राय: सबै धर्मावलम्बीको तथा जनजातिका चाडपर्व लगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय दिवसहरू साथै विभिन्न उपयोगी ज्योतिषीय सामाग्रीले सुसज्जित सर्वोपयोगी ढङ्गले यस पञ्चाङ्गलाई प्रस्तुत गरिएको छ, क्रिया प्रतिक्रियाको अभिलाषा राख्दै उचित सल्लाह र सुझावको अपेक्षामा यदि कहि कतै कुनै पर्व छुटेको भए सप्रमाण सहित नगरपालिका/ गाउपालिका वा मान्यताप्राप्त संघसंस्थाको सिफरिस सहित हाम्रो पञ्चाङ्ग कार्यालयमा वा नेपाल पञ्चाङ्ग निर्णायक समितिमा सम्पर्क गर्नु होला। यस पञ्चाङ्गलाई कस्तो रुपमा देख्न चाहनु हुन्छ, लेखेर वा भनेर पठाउनु हुन पनि अनुरोध गरिन्छ। सबै पाठक वृन्दमा विशेष धन्यवाद ज्ञापन गरिन्छ ।

वार्षिक भविष्य फल

श्री शाके १९४५, विक्रम २०८० संवत्को **पिंगलनामक: संवत्सर** हो। यो प्रभवादि ६० संवत्सरमध्यको ५१ औं संवत्सर हो। यसवर्षका **राजा बुध** तथा **मन्त्री शुक्र** ग्रह हुन्। अन्य ग्रहले निम्न विभागहरू भोग्नेछन्- धान्येशमा शनि, मेघेशमा वृहस्पति, रसेशमा वुध, सस्येशमा चन्द्र, नीरसेशमा चन्द्र, फलेशमा वृहस्पति, धनेशमा सूर्य, दुर्गेशमा वृहस्पति ग्रह गठन भएकोले शुभ ८० र अशुभ २० प्रतिशत सहभागिता हुँदा ग्रह परिषदले आ-आफ्नो कार्यसुचारु ढङ्गले संचालन गरी निम्न शुभाशुभ फलप्रदान गर्नेछन्। यस वर्षको आरम्भमा **कन्या जगल्लग्न** आउँछ।

यसवर्षको **राजा:बुध** एवं **मन्त्री:शुक्र** परेकोले मध्यम खुशीयाली जस्तो देखिन्छ। सामाजिक विसंगतिहरू सुधिदै जाला चोरी-डकैती-लुटपाट-हत्या-बलात्कार आदि अशोभनीय घटनाहरूमा नियन्त्रणको अनुभूति होला। लफङ्गाहरूको बाहुल्यतामा पनि कमी आउला। नेपालको सीमा सम्बन्धी मान्यतामा विश्वस्तरीय साथ र सहयोग पाइएला। संक्रामक रोगब्याध नियन्त्रणमा भ्याक्सिनको माध्यमले सफलताको प्रचूरता। धर्मकर्म प्रतिको जागरणले पनि सवै खुशी र सुखी होलान। राष्ट्रिय राजनीतिमा केही विवादित विषयले प्रश्रय पाउला। मतैक्यको अभावले विकासमा अग्रसरता नदेखिएलान। कार्यान्वयनको अभाव भएपनि कहि कतै विकास कार्यको झिनो प्रगति देखिएला।

जगल्लग्न कुण्डली

५।१७।१२।९



जगल्लग्न फलम्

(जन्मलग्न वा जन्मराशिवाटहेर्ने)

मेष	६. अरिपराजय:
वृष	५. पुत्रसुखम्
मिथुन	४. मित्रसुखम्
कर्कट	३. कुटुम्ववृद्धि:
सिंह	२. धनलाभ:
कन्या	१. देहसुखम्
तुला	१२. दु:खदाद्रियम्
वृश्चि	११. लाभ:
धनु	१०. सुखम्
मकर	९. धमार्थप्राप्ति:
कुम्भ	८. कष्टम्
मीन	७. स्त्रीसुखम्

शिक्षामा उत्साहजनक उपलब्धि होला जस्तो देखिन्छ। सरकारी संस्थामा भन्दा गैरसरकारी संस्थाले समाजमा योग्य र कुशल शिक्षार्थी उत्पादन गर्नाले सामुदायिक शैक्षिक क्षेत्रमा सफल बन्दै जाला। विद्यार्थी वर्गको हकहितमा राष्ट्रिय चासों जाग्न सकेको छैन तर पनि वैदेशिक छात्र-छात्राहरू भन्दा कम सार्थक नहोला जस्तो लाग्दैन।

आर्थिक सन्तुलन विशद्रुतगतीमा चल्दा र आर्जनमार्गको सुदृढताले गर्दा नयाँ गतिविधिहरूले विशेषत् व्यापार व्यावसाय राम्रो ढंगले चल्न नसक्ला। उद्योगधन्दाको विकासले वेरोजगारी समस्या समाधानार्थ नयाँ कामको उद्घाटन भए पनि कार्यान्वयन पक्ष फितलो बन्दै जाला। वैदेशिक रोजगारीले अर्थतन्त्रमा सुधारका वातावरण न देखिएला।

स्वास्थ्य विज्ञानको प्रगतिले जटिल रोगव्याधमा शमनका उपायहरू सफल होलान। पत्रकारको सुरक्षामा खासै ध्यान नपुगे पनि आफ्नो पेशालाई मर्यादित बनाउने प्रयत्न गर्लान। श्रमजिवीवर्गको सुविधामा ध्यान नपुग्दा खिन्नता छाउला। कलाकार र साहित्यकारको उत्थान भइरहला। वैदेशिक सहयोग प्रचूर मात्रामा भइ रहें पनि त्यसले ठुलो परिवर्तन गर्ने संभावना देखिदैन। निजामति कर्मचारीहरूमा सम्मानको आशा जाग्ला।

प्रमुख खाद्यान्नवालीमा धान, गहुँ, मकै, जौ आदिको उत्पादनशीलतामा वृद्धि तथा बजार भाउ नियन्त्रित बन्ला। सुन-चाँदी आदि धातु र हीरा, मोति, पन्ना, मणि-माणिक्यादिको बजार भाउ उच्चतामा पुग्लाने व्यापक खिन्नता छाउला। व्यापार व्यवसायको क्षेत्रमा ठुलो प्रगति हुन नसके पनि सामान्य जीवन यापनमा सहजता देखिएला। जग्गा जमिनको कारोवारले आर्थिक स्थिति मजबुत बनाउला। कृषिकार्य, पशु-पंक्षिपालन र जलचर प्राणीको व्यवसाय फलिभूत बन्दै जाला।

अग्नि, वायु वतासको आपसी असमझदारीले कहिँ कतै उग्ररुप धारण गर्ला। जलवायु परिवर्तनको कुप्रभावले विद्यमान तापक्रममा प्रतिकूलताले अशान्ति छाउला। भूक्षय, भूस्खलन, भूकम्प आदि दैवीय विपत्ति, स्थल तथा हवाई दुर्घटना पनि होला। कुनै भू-भागमा अनावृष्टिले खाद्य उत्पादनमा कटौती, कतै खण्डवृष्टिले सुख्खा-खडेरीको प्रधानता र कहीं अतिवृष्टिले बाढी-पहिरो ल्याउला।

१. अष्टोत्तरी मतानुसार आय-व्ययको विवरण

राशि	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	योग
आय	५	१४	२	१४	१४	२	१४	५	८	११	११	८	१०८
व्यय	५	११	११	८	२	११	११	५	११	५	५	११	९६

दृष्टव्य: विन्ध्योत्तर निवासीकालागि विंशोत्तरी र विन्ध्याचलबाट दक्षिण निवासीकालागि अष्टोत्तरी तर नेपालकोलागि विंशोत्तरी मत अनुसारको आय-व्यय विवरण हेर्नुहोला।

२. विंशोत्तरी मतानुसार आय-व्ययको विवरण

राशि	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	योग
आय	२	११	२	११	१४	२	११	२	१४	८	८	१४	९९
व्यय	५	११	११	५	२	११	११	५	८	११	११	८	९९

आय-व्यय ज्ञानविधि: आफ्नोराशिको उपयुक्त आय-व्यय अंक जोडने, जोडमा १ अंक कम गरेर ८ ले भाग गर्दा शेष १ रहेमा लाभ, २ मा सुख, ३ मा दु:ख, ४ मा रोग, ५ मा अपवाद, ६ मा सम्मान, ७ मा विजय, ८ वा ० मा हानिको योग यो वर्षमा हुनेछ। सारांशमा १, २, ६, ७ भाग शेष रहेमा यो वर्षमा लाभ, भाग्यको उदय, नोकरी धन्दामा पदोन्नति आदि हुनेछ भने, ३, ४, ५, ० भाग शेष रहेमा मानसिक चिन्ता र खर्च वढ्ने आदि हुनेछ।

मेष विषुवच्चक्रम्	फलानि	तुला विषुवच्चक्रम्
वि.ऽनु.ज्ये.मू.पूषा.उषा.श्रवण	**शीर्षे-भूलाभ:**	पूफा.उफा.ह.चि.स्वा.वि.ऽनु.
हस्ता. चित्रा. स्वाती.	**मुखे-पाण्डित्यम्**	तिष्य. श्लेषा. मघा.
तिष्य.श्लेषा.मघा.पूफा.उफा.	**हृदि-धनागम:**	कृ.रोहि.मृग.आर्द्रा.पुन.
मृगशिरा. आर्द्रा. पुनर्वसु.	**दक्षकरे-स्त्रीलाभ:**	रेवती. अश्विनी. भरणी.
भरणी. कृतिका. रोहिणी.	**वामकरे-भैक्षम्**	शतभिषा.पूभा.उत्तराभाद्रा.
उभा. रेवती. अश्विनी.	**दक्षपादे-भ्रमणम्**	उत्तरापाढा. श्रवण. धनिष्ठा.
धनिष्ठा. शतभिषा. पूभा.	**वामपादे-कष्टम्**	ज्येष्ठा. मूल. पूर्वपाढा.

मेषविषुवत्को शान्ति: उशीर, वालं, प्रियंगु गोरोचन, सहदेवी, कमलापत्र, माधवको प्रतिभा, कलश, वस्त्र, पूजाभाग, दानप्रतिष्ठा, ब्राम्हण भोजन, दक्षिणा, त्रिमधुले होमगर्ने

तुलाबिषुवत्को शान्ति: उशीर, वालं, अगरु कपूर, श्रीखण्ड, रक्तचन्दन, कूट, लोघ, गोरोचन, गोविन्दको प्रतिमा, कलश, पहेलोवस्त्र, सेतोफूल, पञ्चामृत, गोदान, दानप्रतिष्ठा, ब्राम्हण भोजन, दक्षिणा, मह र डुम्रीले होमादिगरी गंगास्नान, नारायण पूजा, रुद्रीपाठ, चण्डी (दुर्गा सप्तशती) पाठ गर्दा सुख शान्ति पाइन्छ भन्ने भनाइ छ।

यी शान्तिका प्रयत्नहरू वामपादमा पर्नेले गर्नुपर्दछ।

मासफल वैशाख: महीनामा ५ शुक्र, शनि र आइतवार तथा सूर्यसंक्रान्ति पनि शुक्रवार परेको छ। वैशाखकृष्ण/शुक्लपक्ष, ज्येष्ठकृष्ण **वैशाख** महीनामा पर्दछ। भृगुवासरीय संक्रान्तिले क्षत्रियवर्गलाई अलि अशुभ जस्तो होला। ५ शुक्रले जनसंख्या वृद्धिदर उच्च होला। ५ शनिले भने महगाई बढाउँला। ५ आइतले रोगव्याधको प्रकोपमा वृद्धि गराउला।

सुयोग्य र कर्मठताको अभावमा नेतृत्वले राष्ट्रिय राजनीतिमा सुव्यवस्था कायम हुन प्रशस्तै बाधाहरू तेर्सिएलान। तर पनि विकास निर्माणका योजनाहरू पुरा होलान आंशिक रुपमा। व्ययभार नियन्त्रणमा आशातीत सफलता हासिल भए पनि आम्दानी स्रोत सुदृढ बन्न नसक्ला। शैक्षिक जगतमा सुधारका अवस्था आउलान। धर्मकर्म प्रतिको आस्थाले सकारात्मक बनाउला। प्रशासनिक कार्यको भने सर्वत्र प्रशंसा हुन थाल्ला।

कृषिकार्य र पशुपंक्षिपालनवाट जीवन धान्न सहजता आउला। वैदेशिककार्यवाट सुख शान्तिको वातावरण बन्ला। धर्मकर्म प्रतिको अभिरुची घट्दै गएको आभाष होला। व्यापारवाट जीवन संचालनमा टेवा पुग्ला। दैवीय लगायतका सवारी दुर्घटनाको भयमा न्यूनता छाउला। मूल्यवान्धातु लगायत सुन, चाँदी र बहुमूल्य धातु तथा रत्नहरुमा महंगाइ उत्पन्न होला।

अग्नि, वायु बतासले उग्रत्व धारण गर्ला। महीनाभरी जस्तै १/२ दिनको अन्त्यतिर मौसम मेघ वादल दर्शन सहित वर्षातको संभावना नहोला भन्ने छैन। विशेषत् दक्षिणतिर तनावग्रस्त देखिए पनि अन्यत्रमा भने सुख शान्तिको प्रत्याभूति गराउला।

मासफल ज्येष्ठ: महीनामा ५ सोम मङ्गल, बुध र विहीवार तथा सूर्यसंक्रान्ति पनि सोमवार परेको छ। ज्येष्ठकृष्ण/शुक्लपक्ष र आषाढकृष्ण **जेठ** महीनामा पर्दछ। सोमवासरीय संक्रान्तिले राष्ट्रलाई सफल नै बनाउला। ५ सोमले खाद्यवस्तुको भाउ नियन्त्रणमा ल्याउला। ५ मङ्गलले भयपूर्ण वातावरण देखाउला। ५ बुधले रसादिवस्तुको उचित उत्पादन होला।

आर्थिक स्वतन्त्रताले सबै अव्यवस्थित बन्दै जालान। व्यापारले जीवनयापनमा सद्भाव राख्ला। कृषिजन्य कार्य र पशु-पंक्षिपालन व्यावसाय लगायत जमिनको कारोवारबाट पनि फाइदै गर्ला। खाद्यान्नमा सरलताको आभाष पाहिएला। राष्ट्रिय राजनीतिमा सामान्य परिस्थिति देखिए पनि नेतृत्वतहमा थुप्रै कमि कमजोरीले सन्तोषप्रद अवस्था आउन नसक्ला। निजामति सेवकहरू उत्तरदायी ढंगमा प्रस्तुत हुन खोज्लान। समाजमा पापकर्मले सन्त्रा:श निम्तेला। धर्मकर्म प्रतिको अभिरुची घट्ला। लत्ता-कपडा, मूल्यवान्धातु लगायत सवारी साधनहरू महंगो नै देखिएला। जोश-जाँगरको वृद्धिले सामाजिक विसंगतिहरू सौम्य प्रवृतिका होलान। रोगव्याधको प्रकोप क्रमश: घट्दै जाला। दैवी दुर्घटनाको प्रवलतामा न्यूनता आउला। शिक्षाको क्षेत्रमा सुधारका वातावरण आउला।

महीनाको मध्यसम्म स्वच्छन्छ घमाइलो वातावरण देखिए पनि अन्त्यतिर जलवर्षणको संभावना देखिन्छ। आँधि व्यहरीको प्रवलता पनि नभएको होइन। दक्षिणी भेग तनावग्रस्त देखिए पनि अन्यत्रमा भने सुख शान्ति दायीक्षणको अनुभूति होला।

मासफल आषाढ: महीनामा ५ शुक्र, शनि, आइतवार तथा सूर्यसंक्रान्ति भने विहीवार परेको छ। आषाढकृष्ण/शुक्ल र श्रावणकृष्णपक्ष **असार** महीनामा पर्दछ। भृगुवासरीय संक्रान्तिले क्षत्रियवर्गलाई अलि अशुभ जस्तो गराउला। ५ शुक्रले जनसंख्या वृद्धि गराउँला। ५ शनिले महंगी बढाउला। ५ आइतले रोगब्याधको प्रकोप ल्याउँला।

अन्याय अत्याचार जस्ता कार्यले प्रशस्त: मान्यता पाउला। राजनैतिकदलहरू गोलमटोल प्रवृति अंगाल्दा राजनीति प्रति जनता अरुष्ठ बन्दै जालान। तर प्रशासनिक कार्यमा भने निजामती सेवकले सामान्य आशा दिलाउलान। सामाजिक कुरीतिले हतोत्साहित बनाउला। पराक्रमको गतिको उत्पतिले सर्वत्र नर मी छाउला। तर ब्यापार व्यवसायले सामान्य उन्नति गर्ला। वैदेशिक रोजगार फाइदाजनक होला। शिक्षाको क्षेत्र तनावग्रस्त बन्ला। धार्मिक कार्यले प्रशस्तै प्रश्रय पाउला। रोगब्याध प्रकोप नियन्त्रणमा स्वास्थ्य विज्ञानले प्रगति नै गर्ला। कृषिजन्यवस्तु र पशु/पंक्षिको कारोवार को सुखद स्थितिले आर्थिक मन्दी निराकरणतर्फ उन्मुख बन्दै जाला। जग्गा जमिनबाट राम्रै प्रतिफल हासिल गराउला। खाद्यान्नको भाउमा सरलता आउला। लत्ता-कपडा, मूल्यवान्धातु लगायत सुन, चाँदी र बहुमूल्यधातु तथा रत्नहरू महंगो होला।

मेघबादल सहित खण्डवृष्टि र बाढीपहिरो आदिको संभावनाले कही कतै भूक्षय भूस्खलादिको प्रवलता आउला। महीना भर नै वर्षातको संभावना रहला। देशको अन्यत्र भन्दा दक्षिणी भेगमा तनावग्रस्त अवस्था आउला।

मासफल श्रावण: महीनामा ५ सोम, मङ्गल, बुध, विहीवार र सूर्यसंक्रान्ति पनि सोमवार परेको छ। श्रावणकृष्ण, अधिक श्रा.शुक्ल/अधिक श्रा.कृष्ण र श्रावणशुक्लपक्ष **साउन** महीनामा पर्दछ। सोमवासरीय संक्रान्तिले राष्ट्रलाई सफल नै बनाउला। ५ सोमले खाद्यवस्तुको भाउ अनियन्त्रित गराउँला। ५ मङ्गलले भयपूर्ण वातावरण देखाउँला। ५ बुधले रसादिवस्तुको उचित उत्पादन होला। ५ वृहस्पतिले अन्नपात लगायत खाद्यान्नहरुको बजार भाउ नियन्त्रणमा ल्याउला।

नेताहरूले गोलमोल प्रवृति अंगाल्दा राष्ट्रिय राजनीति प्रति जनता अरुष्ठ बन्दै जालान। तर प्रशासनिक कार्यको भने प्रशंसा हुन थाल्ला। धर्मकर्म प्रतिको आस्थामा गिरावट आउला। वैदेशिक रोजगारले खासै सन्तोष नगराउला। शैक्षिक जगतमा सुधारका क्षणहरू आउलान। जग्गा जमिन सम्वन्धी कारोवारले प्रतिष्ठित बनाउला। काममा सुख शान्तिको वातावरण छाउला। व्यापारवाट आर्थिक सन्तुलनमा मद्दत पुग्ला। कृषिजन्यकार्य र पशु-पंक्षिपालनको व्यवसाय उच्चतम् विन्दुमा पुग्ला।

दैनिक उपभोग्य मुख्य खाद्यान्न तथा सुन, चाँदी, मणि, मोति लगायतका बहुमूल्यधातु मंहगा होलान। मेघबादल दर्शन सहितको संभावनाले कही कतै भुक्षय, भूकम्प, वाढी, पैरो, सवारी दुर्घटना जस्ता दैवीय विपतिले महीनाभर मौसममा गडवडी मच्चेला। कही खण्डवृष्टि, कतै अतिवृष्टि होला। देशको अन्यत्र भन्दा प्रायश: दक्षिणी दिशामा तनावग्रस्त अवस्थाको सृजना नहोला भन्न सकिदैन।

मासफल भाद्र: महीनामा ५ शुक्र, शनि र आइतवार तथा सूर्यसंक्रान्ति भने वृहस्पतिवार परेको छ। श्रावणशुक्ल, भाद्रकृष्ण/शुक्लपक्ष **भदौ** महीनामा पर्दछ। गुरुवासरीय संक्रान्तिले संक्रान्तिले उचित अन्नो पादनवाट वजार भाउ नियन्त्रित बनाउला। ५ विहीले अन्नपात लगायत खाद्यान्नहरुको वजार भाउ नियन्त्रणमा आउला। ५ शुक्रले जनसंख्याको अभिवृद्धि गराउँला। ५ शनिले आवश्यकीय वस्तुमा महंगीको प्रकोप वढ्ला।

अवस्था खासै अनुकूल बन्न नसक्ला। जोश-जाँगरमा गिरावट आउनाले सन्तोषमा कमि आउला। कृषिकार्य र पशु-पंक्षिपालन व्यवसाय प्रगतिदायी बन्न नसक्ला। दैवी विपति लगायत सवारी दुर्घटना नघट्ला। तर धार्मिक आस्थाको व्यापकताले शान्तिदायी बनाउँला। राजनीतिज्ञहरू आपसमा व्यस्त हुँदा राष्ट्रिय राजनीति समयानुकूल वन्ला। सामाजिक कुसंस्कार लगायत पापकार्यले हीनतावोध गराउला। शिक्षामा सुधारका मार्गहरू प्रशस्तै देखिएलान। व्यापार-व्यवसाय उच्च गतिमा चल्ला। संक्रामक रोगब्याधको प्रकोपमा नियन्त्रणमा आउन मुस्किल देखिँदा स्वास्थ्य विज्ञानमा प्रश्न उठन सक्छ। प्रशासनले जनहितमा अग्रसरता देखाउला। दैनिक उपभोग्य खाद्यवस्तु, लत्ता-कपडा, वहुमूल्य धातु/रत्नको भाउ अनियन्त्रित वन्दै जाला

मेघवादल दर्शन सहित भारी वर्षाको संभावना भए पनि वर्षा पुरै महीनाभर देखिएला। कही कतै वाढी पहिरोले जनजीवन नै अस्त व्यस्त पार्ला। वायु वतासले पनि अलि चिसोपना निम्त्याउला। खासगरेर अन्यत्र भन्दा उतरतर्फको वातावरण तनावयुक्त रहला।

मासफल आश्विन: महीनामा ५ सोम र मङ्गलवार तथा सूर्यसंक्रान्ति भने रविवार परेको छ। भाद्रशुक्ल र आश्विनकृष्ण/शुक्लपक्ष **असोज** महीनामा पर्दछ। रविवासरीय संक्रान्तिले राष्ट्रलाई उल्लेख्य सुख नगर्ला। ५ सोमले खाद्यवस्तुको भाउ नियन्त्रणमा ल्याउला। ५ मङ्गलले त्राशदीपूर्ण वातावरण सिर्जेला।

आर्थिक सन्तुलन स्थिर बन्न मुस्किलै पर्ला। तर जोश-जाँगरको वृद्धिले मानसिक स्थिरता कायम रहला। सामाजिक कुरीतीहरूमा उच्च मनोभावना जाग्दा पापीय मनोवृतिमा ह्रास आउला। अन्याय अत्याचार जस्ता पापीय मनोवृति घट्ला। शैक्षिक स्तर वृद्धि होला। नेताहरूको मतैक्यको अभाव देखिए पनि राष्ट्रिय राजनैतिक शक्तिहरू मिलेर राज्य व्यवस्था संचालन गर्लान। प्रशनिककार्यमा उत्साह बढ्नाले सबै सुखी र खुशी होलान। कृषिकार्य र पशु-पंक्षिपालन व्यवसायले सुख देला। जग्गा जमिनको कारोवारले सम्पन्नशाली बनाउला। धार्मिक गतिविधिले समाज सुशोभित बनाउला। शत्रु परास्त् होलान। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधको प्रकोप नियन्त्रणमा आउला। दैवीय विपति दुर्घटनामा न्यूनता।

मूल्यवान्रत्न-धातु, विविध प्रकारका सवारी साधन, रसवस्तु र मुख्य खाद्यान्न, रसवस्तु, बहुमूल्यधातु, मसालाजन्य पदार्थहरूमा महंगी कै बढोत्तरी होला।

महीनाको पूर्वार्द्ध छिटपुट वर्षातको संभाव्यता अन्त्यतिर मौसमसफा रहें पनि अन्य वेला मेघबादल दर्शन सहित सामान्य वर्षाको संभावना। अन्यत्र भन्दा दक्षिणभेगमा थुप्रै चुनौतिहरू देखिएलान

मासफल कार्तिक: महीनामा ५ बुध र विहीवार तथा सूर्यसंक्रान्ति पनि बुधवार परेको छ। आश्विनशुक्ल र कार्तिककृष्ण/कार्तिकशुक्लपक्ष **कात्तिक** महीनामा पर्दछ। बुधवासरीय संक्रान्तिले सामान्यतया शुभप्रद होला। ५ बुधले खाद्यान्नहरूको बजार भाउ नियन्त्रणमा ल्याउला। ५ विहीले अन्नपात लगायत खाद्यान्नहरुको बजार भाउ नियन्त्रणमा ल्याउला।

अन्याय अत्याचार जस्ता पापीय मनोवृति विस्तारै घट्ला। धार्मिक गतिविधिले समाज सुशोभित बन्ला। दैवी विपति लगायत सवारी दुर्घटनामा कमि आउला। शक्तिशालीहरू स्व हितार्थ प्रस्तुत होलान। शैक्षिक गतिविधि सुधारोन्मुख अवस्थाको देखिन थाल्ला।

राजनीतिज्ञहरूको आपसी मुटावले राष्ट्रिय राजनीति प्रति जनाक्रोशका बातावरण सुयाग्य बन्न नसक्ला। तर प्रशनिककार्यले उत्साहित बनाउला। ब्यापार व्यवसायमा, कृषिजन्यकार्य र पशु-पंक्षिपालनबाट आर्थिक सन्तुलनमा स्थिरता ल्याउला। रोगब्याधको निधानमा स्वास्थ्य विज्ञानमा सामान्य सुधारका बातावरण देखिएला। धार्मिक कार्यको व्यापकताले सर्वत्र शान्ति छाउला। अनावश्यक खर्च नियन्त्रित बन्नाले आर्थिकता सुध्रिएला। सवारी दुर्घटनामा कमि आउला। प्रमुख खाद्यान्न, रसवस्तु, बहुमूल्यधातु, मसालाजन्य वस्तुहरूमा महंगी नै बढ्ला।

यस महीनाको मध्यतिर छिटपुट वर्षातको संभाव्यता देखिए पनि अरु बेलामा भने न्यानो वातावरण होला। अन्यत्र भन्दा उत्तरी दिशातर्फ अलि अशान्त र तनावयुक्त प्रवृति देखिएला।

मासफल मार्गशीर्ष: महीनामा ५ शुक्र र शनिवार तथा सूर्यसंक्रान्ति पनि शुक्रवार परेको छ। कार्तिकशुक्ल र मार्गशीर्षकृष्ण/मार्गशीर्षशुक्लपक्ष **मंसिर** महीनामा पर्दछ। शुक्रवासरीय संक्रान्तिले जनसंख्याको वृद्धि गराउला। ५ शुक्रले धान्यवस्तु सुलभ गराउला। ५ शनिले आवश्यकीय वस्तुमा महंगीको प्रकोप बढ्ला।

नेताहरूमा आपसी मनमुटावले राष्ट्रिय राजनीति अनुकूल बन्न नसक्ला। प्रशासनिक कार्यमा पनि हानि कै प्रवलता रहला। अध्यापक र अध्ययनकर्ता बीच समन्वय नहुदा शैक्षिक क्षेत्र खासैउपलब्धी मूलक नहोला। कृषिजन्यकार्य र पशु-पंक्षिपालनकले सुखदस्थिति निम्तेला जस्तो लाग्दैन। अन्य व्यापार-व्यावसाय त्यति सन्तोषप्रद बन्न नसक्ला। जग्गा जमिनको कारोवारले पनि आर्थिक सन्तुलन सपार्न मुस्किल नै पर्ला।

अन्याय अत्याचार जस्ता पापीय मनोवृति विस्तारै घट्ला। धार्मिक गतिविधिले समाज सुशोभित वन्ला। दैवी विपति लगायत सवारी दुर्घटनामा कमि आउला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधको प्रकोप नियन्त्रित बन्दै जाला। पापीय मनोभावको सुधारले मानसिक शान्ति बढ्ला। दैनिक उपभोग्य वस्तुको भाउ मध्यम गतिको होला। अन्य रसवस्तु, वहुमूल्य धातु/रत्न, औषधिजन्यपदार्थ, सुतीवस्त्र लगायत खाद्यान्नमा पनि महंगीकै प्रधानता।

वर्षातको संभाव्यता महीनाको अत्यतिर देखिए पनि अरु बेलामा भने घमाइलो परिस्थिति होला। सर्वत्र शुखद घटनाको वाहुल्यता रहें पनि दक्षिणी दिशातर्फ अलि अशान्त र तनाव निम्तिन सक्छ।

मासफल पौषः महीनामा ५ आइतवार तथा सूर्यसंक्रान्ति भने शनिवार परेको छ। मार्गशीर्षशुक्ल र पौषकृष्ण/पौषशुक्ल **पुस** महीनामा पर्दछ। शनिवासरीय संक्रान्तिले सामान्यतया शुभप्रद गराउला। ५ शनिले आवश्यकीय वस्तुमा महंगीको प्रकोप बढाउला।
५ आइतले रोगव्याधको प्रकोप वृद्धि गर्ला।

जोश, जाँगरको वृद्धिले मन शान्त पार्ला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधका प्रकोप नियन्त्रिणमा आउला। राजनीतिमा अग्रसर नेतागणले हर्षोल्लोसमय ल्याउलान। प्रशासनिक क्षेत्र जन चाहना अनुसारको अनुकूल देखिएला। शैक्षिक जगत सुधारले युक्त रहला। शत्रुहरू निस्तेज बन्लान्। धार्मिक गतिविधिले प्रश्रय पाउला। दैवी दुर्घटना लगायतका विपतिहरू न्यूनीकृत होलान। पापीय मनोभावको सुधारले मानसिक शान्ति बढ्ला। तर सामाजिक कुसंगतिले हतोत्साहित बनाउला। रोगव्याध प्रकोप अनियन्त्रणले स्वास्थ्य विज्ञानको क्षेत्रमा चुनौति थपएिला। अनावश्यक खर्च नियन्त्रित बन्न मुस्किलै। व्यापार-व्यवसायबाट समुन्नति होला। कृषिजन्यकार्य र पशु-पंक्षिपालनबाट प्रगतिमार्ग विस्तार्ला।

केही खाद्यवस्तु, मूल्यवान्धातु, गुलियावस्तु, मसाला र औषधिजन्य पदार्थमा महंगी बढ्ला। सुती, रेशमी वस्त्र आदिको भाउ तथा सुगन्धितवस्तु, मूल्यवान्धातु, कन्दमूल, खाद्यवस्तु आदिको भाउ अकासिएला। हिमपातले कतै पीडा, मध्यतिर सामान्य झरीको प्रवलता रहें पनि अन्य बेला घमाइलो रहला। दक्षिण भेगतिर अलि अशुभ समय आउन सक्ला।

मासफल माघः महीनामा ५ सोमवार तथा सूर्यसंक्रान्ति पनि सोमवार परेको छ। पौषशुक्ल र माघकृष्ण/माघशुक्लपक्ष **माघ** महीनामा पर्दछ। सोमवासरीय संक्रान्तिले मनुष्य जगतलाई सुख शान्ति र प्रगतिदायी बनाउला। ५ सोमले खाद्यान्नको बजार भाउ नियन्त्रणमा ल्याउला।

नेताहरूको आपसी सद्भाव बढ्नाले राष्ट्रिय राजनीति अनुकूल बन्ला। प्रशासनिक कार्यमा पनि सफलतै हासिल होला। अध्यापक र अध्ययनकर्ता बीच प्रयाप्त समन्वय हुदा शैक्षिक जगत उपलब्धीमूलक बन्ला। रोगब्याधप्रकोप नियन्त्रित हुनाले स्वास्थ्य विज्ञानमा प्रगति थपएिला। पापीय भावनाले विश्राम लिर्दै जानाले धार्मिक गतिविधिबाट समाज सुसंस्कृत बनाउला। सामाजिक कुरीति हटदै जाला। दैवी लगायत सवारी दुर्घटनाका विपति घट्दै जाला।

कृषिजन्यकार्य, जग्गा-जमिन लगायत व्यापार-व्यवसायले सोचेनुसारको सफलता दिलाउला। आवश्यकीय खाद्यान्नहरू, बहुमूल्यधातु तथा औषधिजन्य पदार्थ लगायतमा महंगी बढ्ला। अनावश्यक खर्च नियन्त्रणमा आउन नसक्दा आर्थिक स्थिति धेरै बलियो नबन्ला। आवश्यकीय खाद्यवस्तु, श्वेतवस्तु, मूल्यवान् धातु र औषधिजन्य पदार्थमा महंगी बढ्ला। सुती, रेशमी वस्त्र आदिको भाउ घट्नसक्ला।

महीनाको अन्त्यतिर सामान्य झरीको संभाब्यता रहें पनि अन्य बेला भने घमाइलो बातावरण देखिएला। अन्यन्त्र भन्दा दक्षिण भेग अलि सुखद र सामान्य हिउँदे झरीसंगै ठण्डी बढ्दा मौसमले अक्रान्त पार्ला।

मासफल फाल्गुनः महीना ५ मङ्गल र बुधवार तथा सूर्यसंक्रान्ति मङ्गलवार परेको छ। माघशुक्ल र फाल्गुनकृष्ण/फाल्गुनशुक्लपक्ष **फागुन** महीनामा पर्दछ। भौमवासरीय संक्रान्तिले मनुष्य जगतलाई सुख शान्ति र प्रगतिदायी बनाउला। ५ मङ्गलले त्राशदीपूर्ण वातावरण सिर्जेला। ५ बुधले रसादिवस्तुको उचित उत्पादन गराउला।

शुभाशुभ महीना मध्यमफल प्रदायक बन्ला। इच्छितकार्यमा अवरोध हटेर सौभाग्यशाली बनाउला। व्यापार व्यवसायले आयस्रोत वृद्धिको संभावना नकार्न सकिदैन। राष्ट्रिय राजनीति प्रतिकूल अवस्थाको देखिएला। प्रशासनिक कार्यमा पनि हानि कै प्रवलता रहला

सामाजिक कुरीति हटदै जाला। शैक्षिक क्षेत्र सुमधुर वातावरणले युक्त रहला। दुर्घटना लगायतका दैवी विपतिहरूमा न्यूनताको आभाष पाइएला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगब्याधका प्रकोप नियन्त्रिणमा आउला। पापीय मनोवृतिको भावना सेलाएर धार्मिक गतिविधिको ब्यापकताले समाज प्रफूल्लित बनाउला।

आवश्यकीय खाद्यवस्तु, श्वेतवस्तु, मूल्यवान् धातु र औषधिजन्य पदार्थमा महंगी बढ्ला। सुती, रेशमी वस्त्र आदिको भाउ घट्नसक्ला।

प्राम्भतिरको मौसम बिग्रीएर ठण्डी वायुको दर्शन न होला भन्ने छैन। विहान बेलुकी चिसो मौसम र मध्यान्नतिर घमाइलो वातावरणले युक्त यस महीनामा मेघबादल दर्शन सहित महीनाको अन्त्यतिर सामान्य झरीको संभाब्यता रहला। अन्यत्र भन्दा प्रायशः दक्षिणतिर अशुभदायी होला।

मासफल चैत्रः महीनामा ५ विही र शुक्रवार तथा सूर्यसंक्रान्ति पनि विहीवार परेको छ। फाल्गुनशुक्ल र चैत्रकृष्ण/चैत्रशुक्लपक्ष **चैत** महीनामा पर्दछ। गुरुवासरीय संक्रान्तिले उचित अन्नोपादनबाट बजार भाउ नियन्त्रित बनाउला। ५ विहीले अन्नपात लगायत खाद्यान्नहरुको बजार भाउ नियन्त्रणमा ल्याउला। ५ शुक्रले धान्यवस्तु सुलभ गराउला।

व्यापार-व्यवसाय, कृषिजन्यकार्य र पशु-पंक्षि पालनले आर्थिकतामा प्रशस्तै सुधारात्मकस्थिति नआउला भन्ने छैन। पापीयभावना धार्मिकताको वृद्धिले समाज संस्कारित होला। शत्रुहरू परास्त हो लान। दैवी दुर्घटना लगायतका विपतिहरू घट्ला। उत्श्रृंखल तत्वको परास्तगर्ने क्षमताको वृद्धिले सामाजिक कुसंस्कारहरू सुध्रिएला। शैक्षिक जगतमा सुधारात्मक अवस्था देखिएला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधका प्रकोप नियन्त्रिणमा आउनाले सर्वत्र खुशीयाली छाउला।

राजनैतिक नेताहरूको मिलिजुली प्रवृतिले राज्य संचालनमा संक्षमता प्रर्दशन गर्लान। प्रशासनिक कार्यबाट असन्तोष छाउला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगव्याधका प्रकोप नियन्त्रिणमा सफलता पाइएला। केही खाद्यवस्तु, मूल्यवान् धातु, गुलियावस्तु, मसाला र औषधिजन्य पदार्थमा महंगी बढ्ला। सुती, रेशमी आदि वस्त्रको भाउमा सामान्य घट्बढ् भइरहला।

प्राम्भतिरको मौसम बिग्रीएर ठण्डी वायुको दर्शन न होला भन्ने छैन। अन्यत्र भन्दा दक्षिणी भेगमा आपसी तनावले अशान्ति छाउला।

अथः संवत्सर फलम्

स जयति सिन्धूर वदनो देवोयत् पादपङ्कज स्मरणं। वासरमणि रिवत मसां राशिन्नाशयति विघ्नानां ॥ अचिन्त्या व्यक्तरूपाय निर्गुणाय गुणात्मने ॥ समस्त जगदाधार मूर्त्तये ब्रम्हणे नमः ॥ यः श्रृणोति मधुशुक्लपक्षतौ वर्षनाथ सचिवादिजं फलं ॥ प्राप्युयाद् दुरित मुक्त विग्रहश्चार्यर्थमतुलं यशः सुखं ॥ अत्रः हि षष्ठचब्दानांमध्ये वार्हस्पत्यमानेन **नलनामकः संवत्सरो** गतः **पिंगलनामकः संवत्सरः** प्राप्तः ॥ मेषार्कात्प्राग्भुक्त मासादयः ०।२१।८।२४ भोग्यमासादयः ११।८।५१।३६ अतः परं **कालनामकः संवत्सरो** भविष्यति ॥

श्री गणेशाय नमः

अथ संवत्सरः फलम्

पिगंलाव्दे त्वितीभीतिर्मध्यसस्यार्धवृष्टयः ।
राजभिर्विक्रमा क्रान्ताशंताभुज्यते शत्रुमेदिनी ॥
वत्सरेकाल युक्ताख्ये सुखिनः सर्वजन्तवः ।
सन्त्यथा पिचसस्यानि प्रचुराणि तथागदा ॥

अथ गुरोरस्तोदय फलम्

अव्दे चाश्वभुजेत्यर्ये सुखिनः सर्वजन्तवः ।
मध्यमं पूर्वसस्यस्यात्परं पूर्णा विमुच्यते ॥

अथ राजाः बुधस्तस्य फलम् (चैत्रशुक्ल १)

प्रभूत वायुः सौम्येव्दे मध्यसस्यार्ध वृष्टयः ।
नृपक्षोभ संभूत भूरिक्लेश भुजः प्रजाः ॥

अथ मन्त्री शुक्रस्तस्य फलम् (मेषे:ऽर्के)

उद्यरति ध्वनिरनिंश विप्राणा मध्वरे जगत्यखिले ।
अनिमिष हृदयानन्द कुर्वन्सचिवे सुरभिगुरौ ॥

अथ धान्येशःशनिस्तस्य फलम् (धनुष्यर्के)

मध्ये धान्यश्वरे धान्यंप्रियं स्यात्क्षिति पालका ।
परस्परं विरुध्यंते दस्युभीतिर वर्षणां ॥

अथ मेघेशःगुरुस्तस्य फलम् (आर्द्रामा सूर्य प्रवेश)

गुरुरब्दाधिपते श्चेत्सु वृष्टिसस्याभी वृद्धय क्षेमं ।
याज्ञिक जनसंपतिः साम्राज्यं धर्म संवृद्धिः ॥

अथ रसेशोबुधस्तस्य फलम् (तुलायामर्क)

शशितनये रसनाथे विषाग्नि श्रृंठीहिंगुल संुनानि ।
घृततैलाद्यं निखिलं दुष्त्रभूमि क्षूद्भवं सर्वं ॥

अथ सस्येशःचन्द्रस्तस्य फलम् (कर्कटेऽर्के)

सस्यपतौ तुहिनकरे रमणेय जना श्रीता धरणी ।
फलपुष्यसस्य वारिभि रमिताधिक राजसौख्य युता ॥

अथ नीरसेशःचन्द्रस्तस्य फलम् (मकरेऽर्के)

शुक्ल वर्णादि वर्णनां मुक्तारजत वाससां ।
अर्धवृद्धिः प्रजायत शंशाके नीरसाधिपे ॥

अथ फलेशःगुरुस्तस्य फलम् (मीनेऽर्के)

सुरगुरुः फलनायकतांगगतोगत भयावन राशिमहाद्रुमा ।
यजनयाजनकोत्सवमन्दिराः श्रुतिविचारपराद्विजपूर्वकाः ॥

अथ धनेशःसूर्यस्तस्य फलम् (कन्यायामर्क)

द्रविणपे यदिवासर पेतवणिजतोबहुद्रव्य समागमः ।
गजतुरंग मेषखरोष्ट्रतो धनंचयलंभते क्रयविक्रयात् ॥

अथ दुर्गेशःगुरुस्तस्य फलम् (सिंहेऽर्के)

सुरगुरौगढपेनय शोभितानरवरानरपाः करपालितः ॥
गिरिषुवैनगरे षुसमंसुखं सुखमतिद्विज शास्त्रवतोऽनिशम् ॥

अथ आर्द्राप्रवेशतिथ्यादि(आ.शुक्ल५)पञ्चम्यां मुत्तमातमतः॥

अथ वार गुरुस्तस्यफलं गुरौचार्थ सम्वृदये ॥

अथ नक्षत्रस्य (**श्लेषायां**) सर्व सौख्य विनाशनं ॥

अथ योगस्य (**हर्षण**) हर्षणाः परिक्षेपदः ॥

अथ वेला फलम् (**रात्रौ**) रात्रौ सस्यभि वृद्धयः ॥

अथ नवमेघानां (**वायु**) वायौ वर्षाविनमशनम् ॥

अथ चतुर्मेघेश (**द्रोण**) द्रोणाश्चतुर्थोमुतिभिः प्रदिष्ठ ॥

अथ द्वादशनागानां (**कर्कोटक**) जलनास्ति मरणंच महिपते ॥

अथ अष्टनागेशो **तक्षकः** ॥ **अथ सप्तवातपो** **वायुः** ॥

अथ रोहिणीचक्रं (**तटेपतति**) तटेवृर्ष्टिशोभनाः ॥

अथ जलाढकसंख्याः १००, समुद्रेः ५०, पर्वते ३०, भूमौ २०, वर्षादीना विंशोपकाः वर्षाः१३, धान्यं ५, तृणं ५, शीतं १३, तेजः१७, वायुः१३, वृद्धिः१५, क्षयः१५, विग्रहः११, क्षुधाः९, तृषाः१५, निन्द्राः७, आलस्यं १५, उद्यमं १३, शान्तिः१५, क्रोधः१३, दम्भः५, लोभः३, मैथुनं १५, रसनिष्पत्तिः९, फलनिष्पत्तिः१३, उत्साहः११, उग्रं १७, पापं १, पुण्यं ७, व्याधिः७, तन्नाशः५, आचारः५, अनाचारः११, मृत्युः९, जन्मः१, देशोपद्रवः७, तन्नाशः१३, चौरभीः३, तन्नाशः१३, अग्निभीः११, तन्नाशः१५, उद्भिजाः७, जरायुजाः३, अण्डजाः१३, स्वेदेजाः९, शलभाः१७, मूषकाः३, शुकाः१५, हेमं १९, ताम्रं ७, स्वचक्रं ९,. परचक्रं १५ इतिसंक्षिप्तवर्षाफलम् ।

२०८० सालको अढैया तथा साँढेसाती

यसवर्षको वर्षारम्भदेखि वर्षान्तसम्म शनिदेव कुम्भमा रहनाले **वृश्चिक** र **कर्कट** राशि भएकालाई **शनिको अढैया** लाग्नेछ ।

त्यस्तै मकरलाई **अन्त्य साँढेसाती**, कुम्भलाई **मध्य साँढेसाती** र मीनलाई **आद्य साँढेसाती** लाग्नेछ ।

यसकोफलः जन्मको शनि असल भएमा आकस्मिक लाभ, कार्यसिद्धि, मानप्रतिष्ठा-आर्थिकतामा क्रमिक सुधार शारीरिक व्याधिवाट मुक्ति, लक्षित लक्ष्यको प्राप्ति र मान्यजनको सहानुभूति मिल्नेछ । तर पनि शनि विशेषत् दुःखदायी ग्रह भएकोले अपव्यय, दुःख, कार्यमा विलम्वता, मान प्रतिष्ठामा आघात, मानसिक अशान्ति, पदोन्नतिमा अवरोध, पशु चौपायामा हानि-नोक्सानी गराउने हुँदा पूर्वोक्त राशिहुनेहरुले शनिको जप पुजा-पाठले सुखसन्तोष हुन्छ भन्ने धारणा छ ।

साढेसाती हुनेले शनिको पाठगर्दा भन्ने मन्त्रः

नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोस्तु ते ।
नमस्ते विभुरूपाय कृष्णाय च नमोस्तु ते ॥
नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च ।
नमस्ते यमसंज्ञाय नमस्ते सौरये विभो ॥
नमस्ते मन्दसंज्ञाय शनैश्चर नमोस्तु ते ।
प्रसाद कुरु देवेश दीनस्य प्रणतस्य च ॥

पीपलमा जल चढाउँदा भन्ने मन्त्रः

मूलतो ब्रम्हरूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिवरूपाय अश्वत्थाय नमोनमः ॥

पीपललाई प्राथना गर्ने मन्त्रः

अश्वत्थयस्मिन्त्वयि वृक्षराजः नारायणतिष्ठति सर्वकाले ।
अतः श्रुतस्त्वं सततंतरुणां धन्योऽसि चारिष्ट विनाशकोऽसि ॥
कोणोऽन्तको रौद्रयमोऽथवभ्रुः कृष्णःशनिः पिंगल मन्दसौरी ।
नित्यस्मृतो यो हरते च पीडा तस्मै नमः श्रीरविनन्दनाय ॥

धर्मै कर्मै सवै छ विधिविधान पात्रो छ सर्वाङ्गको ।
धन्यै तोयनाथ पन्त कूलको दियौ र पञ्चाङ्ग यो ॥
आए जस्ता जतिसुकै वाधाहरू गर्दै जानु सामना ।
सुन्दरपश्चिम र स्वयं मेरो पनि छ शुभकामना ॥

नरेश अवस्थी- के.आई.सिंह गाउपालिका ४, चन्केसैन, डोटी, सुदुरपश्चिम

मेष:
चु चे चो ला लि लु ले लो अ

ARIES

मेष: राशिलाई २०८० साल ग्रहगोचरीय दृष्टिले सुखदफल प्राप्त होला तर शुभाशुभ ग्रहहरूको अनुकूलताले वर्ष सामान्य अवस्थाको रहनाले सुखद् वातावरणमा बित्ला यो वर्ष। तर राहुले आँटेको कार्यमा विघ्न बाधा निम्त्याउला।

भाग्यशक्ति मजबुत रहनाले मनमा सोचेको काम बन्ला। बौद्धिकताको उच्चताले पठन-पाठन सफल बनाउला। आमाबाबु र दाजुभाइ-दिदीबहिनीको सद्भाव कायमै रहला। पतिपत्नी बीचको सम्बन्ध सुमधुर बन्ला। सन्तानहरू आज्ञाकारी होलान। धर्मकर्म प्रतिको सद्भावमा सुधार आउला। पापीय मनोवृतिमा ध्यान घट्ला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगब्याधको शमनमा सफलता हासिल गरे पनि आकस्मिक रुपमा देखा पर्ने संकटले खिन्नता बढ्ला। कृर्षिजन्यकार्य, पशु-पंक्षिपालनले सन्तोषै गर्ला। ब्यापार व्यावसायले समृद्ध बनाउला। जग्गा-जमिनले आर्थिक मन्दी निराकरणमा मद्दत पुग्ला। वैदेशिक रोजगारले जीवन यापनमा सुधार गर्ला। अनावश्यक खर्च नियन्त्रणमा आउला।

कटुतापूर्ण अवस्थाको उत्पत्तिले राजनीतिमा आफ्नो महत्वको उचित कदर नहोला। आपसी खिचातानीले नोकरीमा संकट निम्त्येला। दैवीय दुर्घटनाको भयले नसताउला भन्न सकिन्न।

(स्वामी: मङ्गल, रत्न: मुगा, शुभरंग: रातो)

वृष:
इ उ ए ओ वा वि वु वे वो

TAURUS

वृष: राशिलाई २०८० साल शुभाशुभ ग्रहहरूको अनुकूलताले सामान्य अवस्थाको रहनाले सुखद् वातावरणमा बित्ला यो वर्ष। तर राहुको प्रतिकूलताले खासै सन्तोषको वातावरण नदेखिएला।

राजनीतिमा आफ्नो महत्वको कदर नहोला। आपसी खिचातानीबाट नोकरीमा संकट निम्त्येला। भाग्य अलि कमजोर रहनाले पापीय भावनामा वृद्धि होला। वाणीमा गलततत्वको उत्पत्तिले विचार पुऱ्याएर बोल्दामा नै कल्याण होला। मनले आँटेको कार्य पनि सफल बन्ने संकेत देखिन्छ।

बौद्धिकताको उच्चताले पठन-पाठन सफल बनाउला। भाग्यशक्ति मजबुत रहनाले मनोवाञ्छित कार्यहरू सफल हुदै जालान। ब्यापार व्यवसाय, खेतीकिसानी, जग्गाजमिन र पशु-पंक्षिपालनको कार्यले अर्थतन्त्र सुधार्न मद्दत पुर्याउला। वैदेशिक रोजगारीले जीवनस्तर उच्चतहमा लम्केला। धर्मकर्म प्रतिको सद्भावमा सुधार आउला। स्वास्थ्य विज्ञानको प्रगतिले रोगब्याधको शमनमा सफलता हासिल गरे पनि आकस्मिक रुपमा देखा पर्ने। रोगब्याध शमनमा भने लाचारी नै देखिएला। आमाबाबु र दाजुभाइ-दिदीबहिनीको सद्भाव कायमै रहला। पतिपत्नी बीचको सम्बन्ध सुमधुर बन्ला। सन्तानहरू आज्ञाकारी होलान।

(स्वामी: शुक्र, रत्न: हीरा, शुभरंग: सेतो)

मिथुन:
क कि कु घ ङ(ग) छ के को ह

GEMINI

मिथुन: राशिलाई २०८० साल शुभाशुभको अनुकूलताले सुखद परिस्थिति निम्त्येला। समग्रमा भन्दा मिश्रित फलप्रदायकको संकेतले सुखद समयको आगमन होला यो वर्ष।

बौद्धिकता निखारिनाले पढाई लेखाई सहित परीक्षा प्रतियोगिताहरू बढी सफल होलान। भाग्य बलियो रहनाले पापीय भावनामा ह्रास आउला धर्मकर्मप्रतिको आस्थाले नैतिकवान् बनाउला। व्यापार-व्यवसाय, खेतीकिसानी, जग्गाजमिन र पशु-पंक्षिपालनले जीवनस्तरमा मद्दतै पुग्ला। वैदेशिक रोजगारीले जीवनस्तर सुधार्ला। तर वाणीमा गलततत्वको उत्पतिले विचार पुऱ्याए बोल्दामा नै कल्याण होला। आँटेको कार्य बन्न मुस्किलै। पतिपत्नीको स्नेहले दाम्पत्य जीवन खुशीमा बित्ला। सन्तानहरू आज्ञाकारी होलान। आमाबाबु, दाजुभाइ-दिदीबहिनीको शुभेच्छा रहला।

सवारी दुर्घटना लगायत दैवी विपत्तिले कहिले काँही साह्रै पीडित बनाउला। स्वास्थ्य विज्ञानमा रोगब्याधको प्रकोप नियन्त्रणमा आउन मुस्किलता थपिएला। शत्रुहरू प्रतिष्ठा गिराउन खोज्लान। ब्यर्थको ब्ययभार नियन्त्रणमा ल्याउन गाह्रो पर्ला। राजनीतिमा आफ्नो महत्वको कदर नहोला। आपसी कलहले नोकरीमा संकट निम्त्याउला।

(स्वामी: बुध, रत्न: पन्ना, शुभरंग: हरियो)

कर्कट:
हि हु हे हो डा डि डु डे डो

CANCER

कर्कट: राशिलाई २०८० सालभरि नै शनिको **अढैया** दशाले सामान्य दु:खद स्थिति निम्तेला आय-व्ययको समानताले सामान्य ढङ्गमा बित्ला।

भाग्य बलियो रहनाले पापीय भावनामा ह्रास आउला। वाणीमा गलततत्वको उत्पत्तिले विचारेर बोल्दामा नै कल्याण होला। आँटेको कार्य अवरुद्ध होलान। व्यापार-व्यवसाय, कृषिजन्यकार्य, पशु-पंक्षिपालनले आर्थिक सन्तुलनमा कठिनाइ उत्पन्न गराउला। पति-पत्नीमा स्नेह घट्दै जानाले आपसी उत्सुकतामा कमि आउला। आमा-बाबु र दाजुभाइ दिदी-बहिनीको सम्बन्धमा कटुता छाउला। सन्तानबाट सुख पाउन गाह्रो पर्ला। राजनीतिबाट उचित कदर नहोला। नोकरीमा खिचातानी बढ्ला।

सवारी दुर्घटना लगायत दैवीय विपत्तिको संभावना न्यूनता आउला। बौद्धिकताको उर्वरताले गर्दा पढाई लेखाई सहित परीक्षा-प्रतियोगिताहरू सफलै होला। संक्रामक रोगब्याधको प्रकोप नियन्त्रणमा स्वास्थ्य विज्ञान सफल होला। वैदेशिक रोजगारले जीवन यापनमा सुखद् वाताबरणको प्रर्दशन गराउला। व्यर्थको खर्च नियन्त्रणमा दक्षताको अभिवृद्धि होला। पापकार्य नियन्त्रणमा आउला। धार्मिक गतिविधिले अनेकौं तीर्थाटनको अवसरहरू जुट्लान।

(स्वामी: चन्द्रमा, रत्न: मोती, शुभरंग: सेतो)

सिंह:

मा मि मु मे मो टा टि टु टे

LEO

सिंह: राशिलाई २०८० साल साधारण अवस्थाको रहला। वृहस्पतिको अनुकूलताले वौद्धिक स्थिति मजबुत भइ शुभाशुभ सवै किसिमको फलले युक्त रहला वर्ष।

वाणीको प्रभावले ठुलै काम बन्ला। जग्गा-जमिन तथा पशु-पंक्षिपालन व्यवसायले आर्थिकस्थिति मजबुत वनाउला। व्यापार व्यावसायले गतिलै फाइदा गर्ला। सवारी दुर्घटना सहित दैवी विपतिमा न्यूनता आउला। राजनीतिले समाजमा सुयोग्य र कर्मठ बनाउला। नोकरीमा ख्याति वढ्नाले सबैले प्रशंसा गर्लान। अनावश्यक खर्च नियन्त्रणमा आउला। पतिपत्नीको सम्वन्धमा लालित्य झल्केला। सन्तानहरू आज्ञाकारी साबित होलान। स्वास्थ्य विज्ञानको प्रगतिले सामान्य बाहेक जटिल रोगव्याधको प्रकोप नियन्त्रणमा सफलता आउला।

भाग्यशक्ति त्यति उर्वर नवन्ला। वौद्धिक ह्रासताले पढाई लेखाइ सहित परीक्षा प्रतियोगिता सफल नहोला। शत्रुवाट प्रताडित हुनु पर्ला। पापीय कार्यको चञ्चलता वढ्दै जाला। धार्मिक तृष्णाले थुप्रै तीर्थयात्राको अवसर निम्ते पनि धर्मकर्म प्रतिको सद्भाव खासै नवढ्ला। आमावावुको स्नेहमा कमि आउला। इष्टमित्रहरु पनि कुरा काट्न थाल्लान। दाजुभाइ/दिदीवहिनीको शुभेच्छा घट्ला। रोगव्याधले शरीरमा आलश्यता वढाउला।

(स्वामी: सूर्य, रत्न: माणिक्य, शुभरंग: रातो)

कन्या:

टो पा पी पू ष(ठ) ण ठ पे पो

VIRGO

कन्या: राशिलाई २०८० साल प्रायजसो सफल बन्ला। शुभाशुभ अन्यग्रहको अनुकूलताले पनि सफल बनाउला। समग्रमा भन्नुपर्दा शुभदायक रहला।

भाग्यशक्ति उर्वर बन्दै जानाले वाणीका प्रभावले ठुलै काम बन्न सक्छ। वौद्धिकताको उच्चताले परीक्षा प्रतियोगिताहरू सफल होलान। भाग्यशक्ति उर्वर बन्दै जानाले मानसिक शान्ति अटल रहला। सवारी दुर्घटना लगायत दैवीविपति क्रमश: घट्ला। पापीय भावना उब्जेला जस्तो लाग्दैन। धर्म-कर्म प्रतिको आस्थाले मनमा शान्ति छाउला। कृषिजन्यकार्य, पशु-पंक्षिपालन, जग्गा-जमिनको व्यवसाय उपलब्धी मूलक बन्ला। राजनीतिले व्यक्तित्व बिकासमा मद्दत पुऱ्याउला। नोकरीबाट ख्याति बढ्ने कार्यले समाजमा प्रशंसित गराउला। इष्टमित्रबाट आदरभाव पाइएला। आमाबाबुको शुभेच्छा।

वाणीमा कटुतापूर्ण व्यवहार देखिनाले ठुला-बडाको सामिप्यता पाउन मुस्किल होला। वौद्धिकस्थिति असन्तुलन विग्रनाले पठन पाठन लगायत परीक्षा प्रतियोगिताहरूको सफलतामा न्यूनता छाउला। दाजुभाइ/दिदीबहिनीको सद्भाव घट्दै गएको महसुस होला। पापकार्यमा रुचि बढ्दै जानाले मन दिभ्रमित बनाउला। धार्मिक तृष्णाले थुप्रै तीर्थयात्राको अवसर निम्ते पनि धर्मकर्म प्रतिको सद्भाव खासै नबढ्ला।

(स्वामी: बुध, रत्न: पन्ना, शुभरंग: हरियो)

तुला:

रा रि रु रे रो ता ति तु ते

LIBRA

तुला: राशिलाई २०८० साल शुभाशुभ अनुकूलताले सुखद परिस्थिति निम्त्येला र आत्मविश्वासी बनाउला। समग्रमा भन्दा मिश्रित फलप्रदायकको संकेतले सुखद समयको आगमन होला।

सत्यबादी प्रवृतिको उदयले मनहर्षित भइ भाग्यशक्ति उर्वर बनाउला। आमाबाबुको शुभेच्छा, पति-पत्नीमा प्रेमाभाव युक्त सम्बन्धले जटिल परिस्थिति पनि सरल बन्ला। सन्तान सुख प्रयाप्त होला। ब्यापार-व्यवसायबाट समृद्धता बढला। कृषिजन्यकार्य, पशु-पंक्षिपालन र जग्गा-जमिनको व्यवसाय उपलब्धी मूलक रहला। अनावश्यक ब्यय घट्दै गएको अनुभूति होला। विज्ञानको प्रगति उन्मुख भएर रोगब्याधको प्रकोप पनि नियन्त्रणमा आउनाले सर्वत्र खुशी छाउला। राजनीतिले ब्यक्तित्व बिकासमा मद्दत पुऱ्याउला। नोकरीबाट ख्याति बढ्नाले समाजमा रवाफ झल्केला।

वाणीमा कटुतापूर्ण व्यवहार देखिनाले ठुला-बडाको सामिप्यता पाउन मुस्किल होला। वौद्धिकस्थिति असन्तुलन विग्रनाले पठन पाठन लगायत परीक्षा प्रतियोगिताहरूको सफलतामा कमि। दाजुभाइ/दिदीबहिनीको सद्भाव घट्दै गएको भान पर्ला। पापकार्यमा रुचि बढ्दै जानाले मन दिभ्रमित बनाउला। धार्मिक तृष्णाले तीर्थयात्राको थुप्रै अवसरले मानसिक शान्ति कायम गर्ला।

(स्वामी: शुक्र, रत्न: हीरा, शुभरंग: सेतो)

वृश्चिक:

तो ना नि नु ने नो या यि यू

SCROPIO

वृश्चिक: राशिलाई २०८० साल शनिको **अढैया** दशाले गर्दा समय मध्यम रहला। तर कही ग्रहको अनुकूलताले शान्तिलाई स्थिर पनि बनाउला।

जोश-जाँगर घट्दै जानाले शरीर आलश्यमय बन्ला। दाजुभाइ/दिदीवहिनीको सद्भाव घट्ला। पति-पत्नीमा सामान्य खट्पट्ले उग्ररुप नलेला भन्ने छैन। सन्तानबाट अशान्ति होला। शत्रुवाट प्रताडित हुनु पर्ला। ब्यापार व्यवसाय आर्थिक समुन्नति हुन नसक्ला। शत्रुहरू होच्याउने र खसाल्ने प्रयत्न गर्लान। स्वास्थ्य विज्ञानको प्रगति उन्मुख देखिए पनि रोगव्याधको प्रकोप नियन्त्रणमा ल्याउन कठिनाइ नै आउला।

भाग्यशक्ति उर्वर बन्दै जानाले वाणीका प्रभावले ठुलै काम बन्न सक्छ। वौद्धिकताको उच्चताले परीक्षा प्रतियोगिताहरू सफल होलान। सवारी दुर्घटना लगायत दैवीविपति क्रमश: घट्ला। पापीय भावना उब्जेला जस्तो लाग्दैन। धर्म-कर्म प्रतिको आस्थाले मनमा शान्ति छाउला। कृषिजन्यकार्य, पशु-पंक्षिपालन, जग्गा-जमिनको व्यवसाय उपलब्धी मूलक बन्ला। राजनीतिले ब्यक्तित्व बिकासमा मद्दत पुऱ्याउला। नोकरीबाट ख्याति बढ्ने कार्यले समाजमा प्रशंसित गराउला। इष्टमित्रबाट आदर भाव पाइएला। आमाबाबुको राम्रो शुभेच्छा। सवारी दुर्घटना लगायत दैवीविपति क्रमश: घट्ला।

(स्वामी: मङ्गल, रत्न: मुँगा, शुभरंग: रातो)

धनु:

ये यो भा मा मू ध फ ढ भे

SAGITTARIOUS

१०।२६।३८।८	११।४।५४।३४	९।२४।१३।४१	११।९।०।७	०।१९।१३।१७	१०।५।४७।१	१०।१४।१४।३१	११।२२।१५।५६	द.३।३०	२८	सोम	+१०:५५	४:५७	६:२९	७:५५	९:३१	११:२८	१३:४२	१६:०२	१८:१८	२०:३४	२२:५२	१:१०	३:१८
१०।२७।३८।४	११।१९।११।५३	९।२५।०।१	११।१०।२९।५९	०।१९।२४।३९	१०।७।१।३८	१०।१४।२१।५८	११।२२।१२।४५	द.३।६	२९	मङ्गल	+१०:३९	४:५३	६:२५	७:५१	९:२७	११:२४	१३:३८	१५:५८	१८:१४	२०:३०	२२:४८	१:०६	३:१४
१०।२८।३७।५७	०।३।२३।३९	९।२५।४६।२१	११।११।५७।५४	०।१९।३६।७	१०।८।१६।१५	१०।१४।२९।२५	११।२२।९।३४	द.२।४२	३०	बुध	+१०:२३	४:४९	६:२१	७:४७	९:२४	११:२०	१३:३४	१५:५४	१८:१०	२०:२६	२२:४४	१:०२	३:१०

यहाँ एकै दिनमा दुइ पटक एउटै लग्नको आरम्भ हुनुको मतलब एउटा सूर्योदयदेखि अर्को सूर्योदयसम्मलाई एकै दिन मान्नु पर्ने कारणले गर्दा हो ।

फाल्गुन १ गते कुम्भलग्नको आरम्भ भोलिपल्टको (फाल्गुन २ गतेको) सूर्योदय अगाडि ६:४३ बजे द्वोसो पटक पनि हुन्छ ।

सूर्योदय कालिन दैनिक ग्रहस्पष्ट तालिका राशि, अंशा, कला र विकलामा | १९४५ चैत्र २०८० | दैनिक लग्न आरम्भ तालिका बजेदेखि (घण्टा मिनेट) मा

सूर्य	चन्द्र	मङ्गल	बुध	वृहस्पति	शुक्र	शनि	राहु	क्रान्ति(अं.क.)	गते	वार	वेलान्तर(मि.से.)	मीन	मेष	वृष	मिथुन	कर्कट	सिंह	कन्या	तुला	वृश्चिक	धनु	मकर	कुम्भ
१०।२९।३७।४८	०।१७।२६।४६	९।२६।३२।४३	११।१३।२३।४३	०।१९।४७।४०	१०।९।३०।५२	१०।१४।३६।५१	११।२२।६।२३	द.२।१९	१	विही	+१०:०७	६:१७	७:४३	९:२०	११:१६	१३:३०	१५:५०	१८:०६	२०:२२	२२:४०	०:५८	३:०६	४:४५
११।०।३७।३६	१।१।१८।३५	९।२७।१९।१७	११।१४।४७।१९	०।१९।५९।२०	१०।१०।४५।२९	१०।१४।४४।१६	११।२२।३।१३	द.१।५५	२	शुक्र	+०९:५०	६:१०	७:४०	९:१६	११:१२	१३:२६	१५:४६	१८:०३	२०:१८	२२:३६	०:५४	३:०२	४:४१
११।१।३७।२३	१।१४।५७।१	९।२८।५।३१	११।१६।८।३०	०।२०।११।१४	१०।१२।०।५	१०।१४।५१।४१	११।२२।०।२	द.१।३१	३	शनि	+०९:३३	६:०६	७:३६	९:१२	११:०८	१३:२३	१५:४२	१७:५९	२०:१४	२२:३२	०:५०	२:५८	४:३७
११।२।३७।८	१।२८।२०।३९	९।२८।५९।५६	११।१७।२७।५	०।२०।२२।५५	१०।१३।१४।४१	१०।१४।५९।४	११।२१।५६।५१	द.१।८	४	आइत	+०९:१६	६:०२	७:३२	९:०८	११:०४	१३:१९	१५:३८	१७:५५	२०:१०	२२:२८	०:४६	२:५४	४:३३
११।३।३६।५०	२।११।२८।४८	९।२९।३८।२३	११।१८।४२।५३	०।२०।३४।५०	१०।१४।२९।१६	१०।१५।६।२७	११।२१।५३।४०	द.०।४४	५	सोम	+०८:५९	५:५८	७:२८	९:०४	११:००	१३:१५	१५:३४	१७:५१	२०:०६	२२:२५	०:४२	२:५०	४:२९
११।४।३६।३०	२।२४।२१।३५	१०।०।२४।५०	११।१९।५५।४२	०।२०।४६।५१	१०।१५।४३।५२	१०।१५।१३।४९	११।२१।५०।२९	द.०।२०	६	मङ्गल	+०८:४२	५:५४	७:२४	९:००	१०:५६	१३:११	१५:३०	१७:४७	२०:०२	२२:२१	०:३९	२:४६	४:२६
११।५।३६।८	३।६।५९।४९	१०।१।११।१९	११।२१।५।१८	०।२०।५८।५७	१०।१६।५८।२६	१०।१५।२१।९	११।२१।४७।१९	उ.०।४	७	बुध	+०८:२४	५:५०	७:२०	८:५६	१०:५२	१३:०७	१५:२७	१७:४३	१९:५८	२२:१७	०:३५	२:४३	४:२२
११।६।३५।४४	३।१९।२५।७	१०।१।५७।४८	११।२२।११।२४	०।२१।११।८	१०।१८।१३।१	१०।१५।२८।२९	११।२१।४४।८	उ.०।२७	८	विही	+०८:०७	५:४६	७:१६	८:५२	१०:४८	१३:०३	१५:२३	१७:३९	१९:५४	२२:१३	०:३१	२:३९	४:१८
११।७।३५।१७	४।१।३९।४०	१०।२।४४।१८	११।२३।१३।४९	०।२१।२३।२४	१०।१९।२७।३५	१०।१५।३५।४७	११।२१।४०।५७	उ.०।५१	९	शुक्र	+०७:४९	५:४२	७:१२	८:४८	१०:४४	१२:५९	१५:१९	१७:३५	१९:५०	२२:०९	०:२७	२:३५	४:१४
११।८।३४।४८	४।१३।४६।१५	१०।३।३०।५०	११।२४।१२।१९	०।२१।३५।४५	१०।२०।४२।८	१०।१५।४३।४	११।२१।३७।४६	उ.१।१५	१०	शनि	+०७:३१	५:३८	७:०८	८:४४	१०:४०	१२:५५	१५:१५	१७:३१	१९:४६	२२:०५	०:२३	२:३१	४:१०
११।९।३४।१७	४।२५।४८।४	१०।४।१७।२१	११।२५।६।३८	०।२१।४८।१०	१०।२१।५६।४२	१०।१५।५०।१९	११।२१।३४।३५	उ.१।३८	११	आइत	+०७:१३	५:३४	७:०४	८:४०	१०:३६	१२:५१	१५:११	१७:२७	१९:४२	२२:०१	०:१९	२:२७	४:०६
११।१०।३३।४४	५।७।४८।४५	१०।५।३।५४	११।२५।५६।२८	०।२२।०।४०	१०।२३।११।१४	१०।१५।५७।३३	११।२१।३१।२५	उ.२।२	१२	सोम	+०६:५५	५:३०	७:००	८:३६	१०:३३	१२:४७	१५:०७	१७:२३	१९:३९	२१:५७	०:१५	२:२३	४:०२
११।११।३३।९	५।१९।५२।१६	१०।५।५०।२८	११।२६।४१।३३	०।२२।१३।१४	१०।२४।२५।४७	१०।१६।४।४६	११।२१।२८।१४	उ.२।२६	१३	मङ्गल	+०६:३७	५:२६	६:५६	८:३२	१०:२९	१२:४३	१५:०३	१७:१९	१९:३५	२१:५३	०:११	२:१९	३:५८
११।१२।३२।३१	६।२।२।२	१०।६।३७।२	११।२७।२१।३६	०।२२।२५।५३	१०।२५।४०।१९	१०।१६।११।५७	११।२१।२५।३	उ.२।४९	१४	बुध	+०६:१९	५:२२	६:५२	८:२९	१०:२५	१२:३९	१४:५९	१७:१५	१९:३१	२१:४९	०:०७	२:१५	३:५४
११।१३।३१।५१	६।१४।२१।३	१०।७।२३।३७	११।२७।५६।१८	०।२२।३८।३६	१०।२६।५४।५०	१०।१६।१९।६	११।२१।२१।५२	उ.३।१२	१५	विही	+०६:०१	५:१९	६:४८	८:२५	१०:२१	१२:३५	१४:५५	१७:११	१९:२७	२१:४५	०:०३	२:११	३:५०
११।१४।३१।९	६।२६।५१।५१	१०।८।१०।१२	११।२८।२५।२५	०।२२।५१।२४	१०।२८।९।२१	१०।१६।२६।१४	११।२१।१८।४१	उ.३।३६	१६	शुक्र	+०५:४३	५:१५	६:४४	८:२१	१०:१७	१२:३१	१४:५१	१७:०७	१९:२३	२१:४१	२३:५९	२:०७	३:४६
११।१५।३०।२५	७।९।३६।२४	१०।८।५६।४८	११।२८।४८।३८	०।२३।४।१५	१०।२९।२३।५१	१०।१६।३३।२०	११।२१।१५।३०	उ.३।५९	१७	शनि	+०५:२५	५:११	६:४१	८:१७	१०:१३	१२:२७	१४:४७	१७:०४	१९:१९	२१:३७	२३:५५	२:०३	३:४२
११।१६।२९।३८	७।२२।३५।५७	१०।९।४३।२४	११।२९।५।४४	०।२३।१७।१०	११।०।३८।२१	१०।१६।४०।२४	११।२१।१२।२०	उ.४।२२	१८	आइत	+०५:०७	५:०७	६:३७	८:१३	१०:०९	१२:२४	१४:४३	१७:००	१९:१५	२१:३३	२३:५१	१:५९	३:३८
११।१७।२८।४९	८।५।५१।२	१०।१०।३०।१	११।२९।१६।२९	०।२३।३०।१०	११।१।५२।५०	१०।१६।४७।२६	११।२१।९।९	उ.४।४६	१९	सोम	+०४:५०	५:०३	६:३३	८:०९	१०:०५	१२:२०	१४:३९	१६:५६	१९:११	२१:३०	२३:४७	१:५५	३:३४
११।१८।२७।५८	८।१९।२१।२२	१०।११।१६।३९	११।२९।२०।४५	०।२३।४३।१३	११।३।७।१९	१०।१६।५४।२५	११।२१।५।५८	उ.५।०९	२०	मङ्गल	+०४:३२	४:५९	६:२९	८:०५	१०:०१	१२:१६	१४:३५	१६:५२	१९:०७	२१:२६	२३:४४	१:५१	३:३०
११।१९।२७।५	९।३।५।५८	१०।१२।३।१६	११।२९।१८।२५	०।२३।५६।१९	११।४।२१।४७	१०।१७।१।२३	११।२१।२।४७	उ.५।३२	२१	बुध	+०४:१४	४:५५	६:२५	८:०१	९:५७	१२:१२	१४:३१	१६:४८	१९:०३	२१:२२	२३:४०	१:४८	३:२७
११।२०।२६।९	९।१७।३।६	१०।१२।४९।५४	११।२९।९।२७	०।२४।९।३०	११।५।३६।१५	१०।१७।८।१९	११।२०।५९।३६	उ.५।५४	२२	विही	+०३:५७	४:५१	६:२१	७:५७	९:५३	१२:०८	१४:२८	१६:४४	१८:५९	२१:१८	२३:३६	१:४४	३:२३
११।२१।२५।११	१०।१।१०।२५	१०।१३।३६।३३	११।२८।५३।५८	०।२४।२२।४३	११।६।५०।४२	१०।१७।१५।१२	११।२०।५६।२६	उ.६।१७	२३	शुक्र	+०३:४०	४:४७	६:१७	७:५३	९:४९	१२:०४	१४:२४	१६:४०	१८:५५	२१:१४	२३:३२	१:४०	३:१९
११।२२।२४।११	१०।१५।२५।१४	१०।१४।२३।११	११।२८।३२।७	०।२४।३६।०	११।८।५।८	१०।१७।२२।३	११।२०।५३।१५	उ.६।४०	२४	शनि	+०३:२३	४:४३	६:१३	७:४९	९:४५	१२:००	१४:२०	१६:३६	१८:५१	२१:१०	२३:२८	१:३६	३:१५
११।२३।२३।९	१०।२९।४३।४६	१०।१५।९।५०	११।२८।४।१५	०।२४।४९।२१	११।९।१९।३४	१०।१७।२८।५२	११।२०।५०।४	उ.७।२	२५	आइत	+०३:०६	४:३९	६:०९	७:४५	९:४१	११:५६	१४:१६	१६:३२	१८:४७	२१:०६	२३:२४	१:३२	३:११
११।२४।२२।४	११।१४।२।४६	१०।१५।५६।२९	११।२७।३०।४९	०।२५।२।४५	११।१०।३३।५९	१०।१७।३५।३८	११।२०।४६।५३	उ.७।२५	२६	सोम	+०२:४९	४:३५	६:०५	७:४१	९:३८	११:५२	१४:१२	१६:२८	१८:४३	२१:०२	२३:२०	१:२८	३:०७
११।२५।२०।५७	११।२८।१८।९	१०।१६।४३।८	११।२६।५२।२६	०।२५।१६।११	११।११।४८।२४	१०।१७।४२।२२	११।२०।४३।४२	उ.७।४७	२७	मङ्गल	+०२:३३	४:३१	६:०१	७:३७	९:३४	११:४८	१४:०८	१६:२४	१८:४०	२०:५८	२३:१६	१:२४	३:०३
११।२६।१९।४८	०।१२।२६।३७	१०।१७।२९।४७	११।२६।९।५२	०।२५।२९।४१	११।१३।२।४८	१०।१७।४९।३	११।२०।४०।३२	उ.८।९	२८	बुध	+०२:१७	४:२७	५:५७	७:३३	९:३०	११:४४	१४:०४	१६:२०	१८:३६	२०:५४	२३:१२	१:२०	२:५९
११।२७।१८।३७	०।२६।२५।१६	१०।१८।१६।२६	११।२५।२३।५९	०।२५।४३।१४	११।१४।१७।१२	१०।१७।५५।४२	११।२०।३७।२१	उ.८।३१	२९	विही	+०२:०१	४:२३	५:५३	७:३०	९:२६	११:४०	१४:००	१६:१६	१८:३२	२०:५०	२३:०८	१:१६	२:५५
११।२८।१७।२३	१।१०।११।३९	१०।१९।३।६	११।२४।३५।४८	०।२५।५६।४९	११।१५।३१।३४	१०।१८।२।१७	११।२०।३४।१०	उ.८।५३	३०	शुक्र	+०१:४५	४:२०	५:४९	७:२६	९:२२	११:३६	१३:५६	१६:१२	१८:२८	२०:४६	२३:०४	१:१२	२:५१
११।२९।१६।३४	१।२३।४३।५८	१०।१९।४९।४५	११।२३।४६।२५	०।२६।१०।२८	११।१६।४५।५६	१०।१८।८।५०	११।२०।३०।५९	उ.९।२०	१	शनि	+०१:३०	४:१६	५:४५	७:२२	९:१८	११:३२	१३:५२	१६:०९	१८:२४	२०:४२	२३:००	१:०८	२:४७

चैत्र १ गतेको मीनलग्नको आरम्भ भोलिपल्टको (चैत्र २ गतेको) सूर्योदय अगाडि ६:१४ द्वोसो पटक पनि हुन्छ।

विभिन्न मुहूर्त (साइत) हरु:

अयान्नप्राशन (पाश्नी) मुहूर्तः पुत्रको ६ वा ८, कन्याको ५ वा ७ महीनामा दुवैपक्षको २।३।५।७।१०।१३ तिथि, सोम. वुध. विही. शुक्रवार, अश्वि.रो.मृ.पु.ति.३उत्तरा.ह.चि.स्वा.ऽनु.अभि.श्र.ध.श.रे.नक्षत्रमा, जन्मर्क्ष लग्नदेखि अष्टमलग्न र त्यसको नवमांश १।८।१२ लग्न छाडी, केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११मा पापग्रह भै दशमस्थान शुद्धगरी शुभ वेलामा अन्नप्राशन (पाश्नी) गराउँदा बेस हुन्छ ।

कर्णवेध (कानछेड्ने) मुहूर्तः पौष चैत्र महीना, चातुर्मास, जन्ममहीना, तिथिक्षय, रिक्ता(४।९।१४) तिथि, जोर (२।४।६) वर्प, जन्मताराछाडी, ६।७।८ महीना वा जन्म देखि १२।१६ दिन, सोम वुध विही शुक्रवार विजोर (१।३।५) वर्ष, अ.मृ.पु.ति.ह.चि.ऽनु.अभि.रे.नक्षत्र, केन्द्र त्रिकोणमा शुभग्रह, ३।६।११ मा पापग्रह भई शुक्रका लग्नमा स्वजन्मराशि छाडी पुत्रको पहिले दाहिने र छोरीको देब्रेकान छेँड्दा शुभ होला।

शीतलावेध (खोपाउने) मुहूर्तः अश्वि.रो.मृ.ति.ह.चि.ऽनु.अभि.श्र.ज्ये.श. नक्षत्रमा, आइत. मङ्गल. बुध र विहीवार शीतलावेध (खोपाउदाँ) शुभ होला । लोकमा द्विपुष्कर, त्रिपुष्कर, धनिष्ठा पंचक र जन्म नक्षत्र पनि छाड्दछन् ।

चूडामुहूर्तः गर्भाधान वा जन्मदेखि (३।५।७ विजोर वर्ष), १।४।६।७।९।१२।१४ तिथि, पर्वदीन, चैत्रमहीना, जन्मराशि या लग्नदेखि अष्टमलग्न छाडी, उत्तरायण, सोम.बुध. विही.शुक्रवार, शुभलग्न तथा शुभांशकमा लग्नदेखि अष्टम शुद्धगरी ३।६।११मा पापग्रहपारी अश्वि.मृ.पु.ति.ह.स्वा.अभि.श्र.ध.श.ज्ये.रे. नक्षत्रमा चूडा (मुण्डन) गर्दा राम्रो हुन्छ।

कपाल-दाढी-नङ्कनाउँदाः अश्वि.मृ.पु.ति.ह.चि.स्वा.ज्ये.श्र.ध.रे. नक्षत्रमा, सोम. वुध. विही र शुक्रवार कपाल-दाढी-नङ्काट्दा शुभ होला ।

अक्षरारंभ मुहूर्तः गणेश विष्णु सरस्वती लक्ष्मी पूजनगरी ५ वर्षमा उत्तरायणको, २।३।५।६।१०।११।१२ तिथिमा, आ.पु.ति.ह.चि.स्वा.ऽनु.अभि.श्र.रे. नक्षत्रमा, सोम. बुध. विही र शुक्रवार, चरलग्नछाडी शुभलग्न शुभांशमा अक्षरारम्भ गर्नु पर्दछ ।

विद्या चक्रम्	
सूर्यको नक्षत्रबाट	
७	भयम्
२४	विद्या

व्याकणारंभ मुहूर्तः अश्वि.रो.मृ.पु.ति.ह.चि.स्वा.वि.ऽनु. नक्षत्रमा, बुध. विही र शुक्रवार व्याकणारम्भ शुभ होला ।

गणितारम्भमुहूर्तः रो.आ.ति.ह.ऽनु.श.पूभा.रे. नक्षत्रमा, वुध र विहीवार गणितारम्भ गर्दा शुभ होला ।

दीक्षाग्रहण मुहूर्तः ज्येष्ठ. आषाढ. मार्ग. कार्तिक, चैत्र महीना, भ.कृ.आ.श्ले.म.ज्ये.वि.नक्षत्र, मङ्गल र शनिवार, शुक्लपक्ष १।३।६।१३।१४।१५ र कृष्णपक्षको १।४।६।७।८।१०। ११।१२।१३।१४।३० तिथि, गुरु शुक्रको अस्त, भद्रा, १।८।११।१२ लग्नछाडी गुरु शुक्रको दृष्टि पारी, केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११मा पापग्रह भएमा, संक्रान्ति र ग्रहणभए झन् वेस ताराबल र चन्द्रमा जुराई दीक्षामन्त्र लिदाँ शुभ होला ।

स्वयम्वरमुहूर्तः कृ.रो.३पूर्वा र ३उत्तरामा स्वयम्वर गर्दा शुभ होला ।

कन्यावरण मुहूर्तः कृ.रो.मृ.३पूर्वा.३उत्तरा.ह.स्वा.ऽनु. मघा.मू.श्र.ध.रे. यी नक्षत्रहरूमा आइत, मङ्गल र विहीवार कन्यावरण गर्दा शुभ होला ।

वधूप्रवेशमुहूर्तः विवाहदेखि १६ दिनभित्र, ५।७।९ दिन वा १६ दिन नाघ्यो भने विजोर महीना वा वर्ष लिनु, ५ वर्षदिखि अधिकमा शुभ मुहूर्तमा, अश्वि.रो.मृ.ति.म.३उत्तरा. ह.चि.स्वा.ऽनु.मू.अभि.श्र.रे. नक्षत्रमा, रिक्ता(४।९।१४) तिथि, आइत.मङ्गल.बुध.शनिवार छोडी वधुप्रवेश गराउँदा शुभ होला ।

द्विरागमन मुहूर्तः सन्मुख दक्षिण शुक्रछाडी विषम १।३।५ वर्ष, मेष वृश्चिक कुम्भको सूर्यमा, सूर्य गुरु शुद्धपारी, सोम. बुध. विही. शुक्रवार, २।३।६।७।१२ लग्न, अश्वि. रो.मृ.पुन.ति.ह.चि.स्वा.ऽनु.मू.३उत्तरा.अभि.श्र.ध.श.रे. नक्षत्रमा द्विरागमन गर्दा शुभ होला।

पहिलो रजस्वला हुँदा शुभ कालः वैशाख ज्येष्ठ आषाढ आश्विन मार्गशीर्ष माघ फाल्गुन महीना, शुक्लपक्षको १।२।३।५।६।११।१३।१५तिथि, सेतोवस्त्र पहिरिएको अवस्था, सोम.बुध.विही.शुक्रवार, अश्वि.रो.मृ.ति.ह.चि.स्वा.ऽनु. ३उत्तरा.श्र.ध.श.रे.नक्षत्र उत्तम, कृ.पुन.वि.मू. नक्षत्र मध्यम र बाँकी नक्षत्र अशुभ, २।३।४।६।७।९।१२ लग्नमा प्रथम रजस्वला हुँदा शुभ होला । कृष्णपक्षको रात्रि, भद्रा, संक्रान्ति, रोगलागेको वेला, वैधृति-व्यतिपात योगमा प्रथम रजस्वला हुनु खासै राम्रो होइन ।

पहिलोपटक नछुनेहुँदा पानीछुने मुहूर्तः अश्वि.मृ.३उत्तरा. ह.स्वा.अनु.रे. यी नक्षत्रमा आइत मङ्गल र विहीवारमा पानी छुँदा शुभ हुन्छ ।

गर्भाधान मुहूर्तः तीनै प्रकारका गण्डान्त, निधन जन्मर्क्षात् सप्तम तारा, जन्म नक्षत्र एवं अश्वि.भ.म.मू.रे.नक्षत्र, ग्रहणलागेको दिन, वैधृति-व्यतिपात योग, आमाबाबुको श्राद्धको दिउँसो परिधयोगको पूर्वाद्ध र तीनै प्रकारको उत्पातले दूषित भएको दिन, जन्म नक्षत्र/राशि वा लग्नदेखि अष्टम लग्न, पापाक्रान्ता, भद्रा(६।८।१४।१५।३०) र रिक्ता (४।९।१४) तिथि, संक्रान्ति, संन्ध्या, आइत मङ्गल शनिवार र रजस्वला भएको ४ दिन सबै छाडी, ३उत्तरा.मृ.ह.ऽनु.रो.स्वा.श्र.ध.श. यी नक्षत्रमा केन्द्र त्रिकोणमा शुभग्रह, ३।६।११ स्थानमा पापग्रह पारी पुरुषग्रहले देखेको लग्नमा विजोर राशिको अंशमा चन्द्रमापारी पुरुषले रजस्वला भएको १६ दिन भित्रमा जोरदिनमा गर्भाधानगर्दा सुखी र दीर्घजीवी सन्तान जन्मन्छ भन्ने धारणा छ ।

नामकरण मुहूर्तः आइत.सोम.बुध.विही.शुक्रवार, अश्वि. रो.मृ.पुन.तिष्य.३उत्तरा.ह.चि.ऽनु.श्र.ध.श.रे. नक्षत्रमा नामकरण गर्दा शुभ हुन्छ ।

बच्चालाई घरवाहिर पठाउने मुहूर्तः अश्वि.रो.मृ.पु. ति.३पूर्वा.उफा.ह.स्वा.ऽनु.ज्ये.मू.उषा.श्र.ध. नक्षत्रहरूमा, ५।६।७।११ लग्न, जन्मदेखि १२औं दिन, तेस्रो वा चौथो महीना र यात्रालाई मान्यतिथि अर्थात दुबैपक्षको २।३।५।७।१०।११।१३ र कृष्णपक्षको प्रतिपदा तिथि पनि श्रेष्ठ मानिएको छ ।

सुत्केरीले पानीछुने मुहूर्तः अश्वि.मृ.३उत्तरा.ह.स्वा.चि. ऽनु.रे. नक्षत्रमा, आइतवार. मङ्गलवार. विहीवार सुत्केरीले पानी छुँदा शुभ होला ।

बच्चा जन्मदाका बिचारणीय तत्थ्यहरु

तिथिगणान्त (५।१०।१५।३० तिथिको अन्तिम १ घडी र १।६।११ तिथिको प्रारम्भिक १ घडी), कृष्णपक्षको १४।३० एवं तिथिक्षय भएका अवस्थाहरु ।

नक्षत्रगणान्त (श्लेपा ज्येष्ठा रेवतीको अन्तिम २ घडि तथा अश्वि.मघा.मूलको प्रारम्भको २ घडी), ज्येष्ठा मूल श्लेपा मघा तथा आमा-बाबु र सहोदर दाजु-दिदीका नक्षत्रमा लगायत चित्राको तेस्रो पाउ, उ.फा.को पहिलो पाउ, तिष्यको २।३ पाउमा ।

लग्नगणान्त (४।८।१२ लग्नको अन्तिम आधा घडि तथा १।५।९ लग्नको प्रारम्भको आधा घडि)। व्यतिपात-वैधृति-विष्कुम्भ-वज्रयोगको ३ घडि, गण्डको ६ घडि, परिघ-पूर्वार्द्ध-शूलको ५ घडि, व्याघातको ९ घडि । प्रत्येक संक्रान्ति, ग्रहण लागेको र भद्रा परेको वेलामा, यमघण्ट-दग्ध-कुलिकयोग, काल वेला आदिमा बच्चा जन्मेमा अनिष्ठ हुन्छ भनिन्छ । यसमा शान्ति का प्रयत्नहरु गर्नुपर्दछ ।

मूलको पहिलो पाउले वावुलाई, द्वोस्रोले आमालाई, तेस्रोले धन सम्पतिलाई अनिष्ठ तर चौथोले भने शुभप्रद गराउँछ । त्यस्तै श्लेपाको पहिलोले शुभप्रद गराउने, द्वोस्रो धनसम्पति, तेस्रोले आमा र चौथोले वावुलाई पिरोल्छ भन्न गरिन्छ । मूल-श्लेषाको चतुर्थ-प्रथमले मित्रलाई अनिष्ट गर्छ । ज्येष्ठाको अन्तिम २ घडी र

मूल वृक्षचक्रम् स्थानिषठप: फलानि		
स्थाना	घ.	फलानि
मूले	७	मूलनाश:
स्तम्भे	१५	वंशनाश:
वल्कले	२५	मातृदु:खम्
शाखा	३६	मातुलक्लेश:
पत्रम्	४८	राज्यप्राप्ति:
पुष्पम्	५३	मन्त्रीपदं
फलम्	५७	विपुललक्ष्मी:
शिखा	६०	अल्पायु

मूलको प्रारम्भिक २ घडी अभुक्त (कडा) मूल हुदाँ उक्त अवधिमा जन्मेका सन्तानलाई ८ वर्षसम्म बावुले मुख नहेर्नु भन्ने गरिन्छ ।

मूलाख्य पुरुस्यांग विभाग फलम्

स्थाना	घ.	फलानि
मूर्ध्नि	५	नृपोभवे
मूखे	१२	पित्रोमृति
स्कन्धे	१६	महाबल:
वाह्वौ	२४	बली
पाण्या:	२७	हत्याकृत
हृदि	३६	भूपमन्त्री
नाभो	३८	ब्रम्हाविद
गुह्ये	४८	कामी
जान्यो:	५४	सुबुद्धि
पादे	६०	मृत्यु

यस्तो अवस्थामा मूल शान्तिको उपायहरू, महा मृत्युञ्जय जपादि विशेष कार्य लगायत बच्चा जन्मना साथ गोप्रसव (गाईवाट जन्मेको बनाउने कार्य) गर्नुपर्दछ ।

औशीमा जन्मेको वालकले वावु-आमालाई अनिष्ट गर्छ भने वालिकाले पतिलाई पिरोल्छे । तीन गर्भसम्म पुत्र भएर चतुर्थ गर्भमा पुत्रीको जन्म वा ३ गर्भसम्म पुत्री भएर ४ गर्भमा पुत्र भएमा त्रितरयोग हुन्छ । त्रितरयोगले मातापिता र कूललाई अनिष्ट गर्छ पनि भन्ने गरिन्छ । त्रितर शान्ति गरेर शुद्ध हुनुपर्दछ ।

वालकको दाँत पहिलो पटक उम्रिदाँको मासफल: पहिलो महीनामा दाँत आउँदा आफ्नै नाश, दोस्रो महीनामा भाइकोनाश, तेस्रोमा दिदी-वहिनीको नाश, चौथोमा आमालाई कष्ट, पाँचौमा दाजुकोनाश, छैठौंमा अत्यन्त सुखी, सातौंमा वावुलाई सुख, आठौंमा आफ्नै शरीर तन्दुरुस्त, नवौंमा लक्ष्मी प्राप्ति, दशौं महीनामा दाँत आएमा सुखी हुन्छ तर माथिवाट दाँत आएमा वा दाँत सहित जन्मेमा वावु-आमा, आफु स्वंय र आफन्तलाई असरपर्ने हुनाले शान्तिका उपायहरू गर्नुपर्दछ ।

मूलादि भोग्ययो वधू-वरयो फलानि

नक्षत्र	पाद	फलम्
श्लेषा	२।३।४	सासुनाश:
विशाखा	४	देवरनाश:
ज्येष्ठा	०	जेठाजूनाश:
मूल	१।२।३	श्वसुरनाश:

श्लेषास्य नराकार चक्रं

स्थाना	घ.	फलानि
शीर्ष	५	राज्यप्राप्ति
मुख	७	पितृनाश:
नेत्र	२	मातृनाश:
ग्रीवायां	३	परागामी
स्कन्धे	४	पितृभक्त
हस्त	८	वली
हृदय	११	आत्मघात
जानु	६	त्यागी
गुह्य	९	भोगी
पाद	५	धनवान्

गृहारम्भ मुहूर्त: कर्ताको सूर्य चन्द गुरु वलि भई जामित्र विवाहोक्त सम्पूर्ण दोष छाडी वैशाख.श्रावण.कार्तिक.मार्ग. पौष.फाल्गुन महीना, १।२।३।५।६।७।८।१०।११।१२।१३।१५ तिथि, सोम.बुध.विही.शुक्र शनिवार, रो.मृ.ति.३उत्तरा.ह.चि.स्वा.ऽनु. ध.श.रे. नक्षत्रमा, अष्टम/द्वादश स्थान शुद्ध र केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११ स्थानमा पापग्रहयुक्त लग्नमा वृषवास्तु समेत जुराई गृहारम्भगर्दा शुभ होला ।

वृषवास्तु चक्रं

सूर्यको नक्षत्रबाट	
३	दाह:
७	शून्यम्
११	स्थिरता:
१४	श्रीप्राप्ति:
१८	लाभ:
२१	स्वमिनाश:
२५	दारिद्रयम्
२८	पीडा:

घरछाउने मुहूर्त: २।३।५।७।१०।१३ तिथि, अश्वि.रो. मृ.पु.ति.ह.चि.स्वा. ऽनु.अभि.उषा. नक्षत्रमा, सोम. मङ्गल. बुध र शनिवार शुभ तर धनिष्ठा पंचक छाड्नु पर्दछ ।

गृहवास्तु मुहूर्त: वैशाख. श्रावण. कार्तिक. मार्गशीर्ष. पौष र फाल्गुनमा, रो.मृ.ति.३उत्तरा. ह.चि.स्वा.ऽनु.ध.श. रे.नक्षत्रमा, शुक्लपक्षको २।३।५।६।९।११।१२ तिथिमा, वास्तु पुरुषको पूजा र भूत बलिदिई गृहवास्तु शुभ होला।

द्वार चक्रम्

सूर्यको नक्षत्रबाट	
४	लक्ष्मीप्राप्ति:
१२	जनवाससुखं
२०	सौख्यं भवेत्
२३	स्वामिनाश:
२७	सौख्यंस्यात्

गृहप्रवेश मुहूर्त: उत्तरायणका वैशाख. ज्येष्ठ. माघ. फाल्गुन महीना, रिक्ता (४।९।१४) औंशी तिथि, जन्म नक्षत्र-राशि वा जन्म लग्नदेखि अष्टम र चर लग्न चरांशक, चैत्र महीना, आइत/मङ्गलवार छाडी ३।६।११ मा पापग्रह २।५।७।९।१० स्थानमा शुभग्रह १।४।८ स्थान शुद्ध गरी, रो.मृ. चि.३उत्तरा.ऽनु.रे. नक्षत्रमा शुद्ध भकूटमा जलपूर्णकलश र ब्राम्हण अघि लगाई कलश चक्र जुराई गृहप्रवेशमा शुभ तर गुरु-शुक्रास्तमा हुँदैन् ।

कलश चक्रम्
(गृह प्रवेशमा हेर्ने)
सूर्यको नक्षत्रबाट

स्थान	न	फलम्
मुखे	१	अग्निदाह:
पूर्वे	५	जनवासशून्यं
दक्षिणे	९	द्रव्यलाभ:
पश्चिमे	१३	श्रीप्राप्ति:
उत्तरे	१७	कलह:
गर्भे	२१	विनाश:
गुदे	२४	स्थैर्यशुभम्
कण्ठे	२७	स्थिरत्वम्

पुरानोघरमा पुन: प्रवेश मुहूर्त: श्रावण. कार्तिक. मार्ग. महीना, रो.मृ.ति.३उत्तरा.चि. स्वा.ऽनु. ध.श.रे. नक्षत्रमा वास्तु गरी गृहप्रवेश गर्दा शुभ होला ।

चुल्ही चक्रम्
सूर्यको नक्षत्रबाट

स्थान	न.	फलम्
पृष्ठे	६	श्रीलाभ:
शीर्षे	१०	मृत्युभयम्
वाहौ	१८	सुखम्
गर्भे	२३	विनाश:
हस्ते	२५	सुमुक्ति:
चरणे	२७	कलत्रमृति

चूलो बनाउने मुहूर्त: श्रावण बाहेकका महीना, अश्वि. रो.ऽऽद्रा. ति.३पूर्वा उत्तरा. नक्षत्रमा चुल्ली चक्र समेत जुराइ चुल्हो बनाउँदा शुभ होला।

काठको खलियो छाउँदा: रो. ऽऽद्रा.ति.पूफा.ह.स्वा.वि.ऽनु.मू. पूषा.श. नक्षत्रमा, आइत.सोम. मङ्गल.बुध.शुक्रवार, काष्ठस्थापना चक्र जुराइ काठको खलियो छाउँदा शुभ हुन्छ ।

जलाशयखन्ने मुहूर्त: ३उत्तरा.रो.ति.मृ.ह.ऽनु.पूषा.ध.श.रे. नक्षत्रमा पापग्रहको बल रहित भएको लग्नपारी बुध-गुरु-दशममा, शुक्र जलचर राशिमा चन्द्र लग्नमा कूपचक्र जुराई, जलाशयखन्दा शुभ हुन्छ ।

शिलान्यास मुहूर्त: कुनै नवीन निर्माण कार्यमा अश्वि.रो. मृ.ति.ह.३उत्तरा.श्र.रे.नक्षत्रमा शिलान्यास गर्दा शुभ होला।

कूप चक्रम्
धातृभावाद गणना
(रोहिणीदेखि गन्ने)

पृष्ठे	४	शुभजलम्
नाभौ	४	बुद्धिनाश:
हृदि	४	स्थिरता
मध्ये	४	कलह:
नेत्रयो	४	धनाप्ति:
पादयो	८	अनर्थ

हलोजोत्ने मुहूर्त: भ.कृ.ऽऽद्रा.श्ले. ज्ये.३पूर्वा.नक्षत्र, मिथुन. कर्कट. धनु. मकर तथा कुम्भलग्न अनि ४।७।८।९।१५।३० तिथि छाडी, हल चक्र समेत जुराई हलो जोत्दा शुभ होला ।

हल चक्रम्

सूर्यको नक्षत्रबाट	
२	असत्
१०	सत्
१९	असत्
२७	सत्
२८	असत्

बीउछर्ने मुहूर्त: भ.कृ.ऽद्रा.श्ले. ज्ये. ३पूर्वा.पु.वि. श्र.श. नक्षत्रमा, मङ्गलवार छाडी केन्द्र त्रिकोणमा शुभग्रह ३।६।११मा पापग्रह पारी, फडिचक्र जुराई, बीउछर्दा शुभ होला ।

फणि चक्रं

राहुको नक्षत्रबाट	
८	असत्
११	सत्
१२	असत्
१५	सत्
१६	असत्
१९	सत्
२०	असत्
२३	सत्
२७	असत्

बीउरोप्ने मुहूर्त: वि.पूभा.मू.रो.श.उफा. नक्षत्रमा, शनि. मङ्गलवार छोडी बीउरोप्दा शुभ होला ।

धान्यच्छेदन (मूठिलिने) **मुहूर्त:** भ. कृ. मृ.आ.ति.श्ले.म.३उत्तरा.ह.चि.स्वा. ज्ये.मू.पूषा.श्र.ध.पूभा. नक्षत्रमा, शनि/मङ्गलवार, रिक्ता (४।९।१४) तिथि छाडी, पाकेकोवाली काट्नको लागि मूठिलिदाँ शुभ होला ।

दाँऊगर्ने मुहूर्त: पाकेर काटेको अन्नपातलाई रो.म.पूफा. उफा.ऽनु.ज्ये.मू.श्र.रे.नक्षत्रमा झार्ने र दाँऊ शुभ होला ।

अन्न भण्डारण गर्ने मुहूर्त: अश्वि.रो.मृ.पु.ति.३उत्तरा. ऽनु.श्र.ध.रे. नक्षत्रमा शुक्रवार शुभ तिथिमा अन्न भण्डार गर्दा राम्रो होला ।

अन्न भण्डारबाट झिक्ने मुहूर्त: ३उत्तरा.रो.मृ.पु. नक्षत्रमा, तिथि वार शुभ लग्नपारी भण्डारमा राखेको अन्न झिक्दा शुभ होला ।

नवान्नप्राशन(न्वागीखाने) मुहुर्तशनि र मङ्गलवार, पौष र चैत्र महीना, १।६।११ तिथि, तिथि- नक्षत्रको विषघटी * छाडी, अश्वि. मृ. पुन. ति. ह. चि. स्वा. ऽनु. अभि. श्र. ध. श. रे. नक्षत्रमा नयाँ अन्न खाँदा शुभ हुन्छ। तर धेरैले कार्तिकशुक्ल द्वादशीमा नै न्वागी खाने गर्दछन्। त्यस दिनलाई साइत हेर्नु पर्दैन भन्ने गरिन्छ। *विषघटीको विवरण यस पञ्चाङ्गमा पनि उल्लेख छ।

गाई किन-बेच गर्ने मुहूर्तअश्वि.पु.ति. ह.चि.ज्ये.अभि. ध.श.रे. यी नक्षत्रमा शुभ होला। अन्य वस्तुहरू किन्ने र बेच्ने नक्षत्र यिनै हुन्।

पशुसार्ने मुहूर्त४।८।९।१४।३० तिथि, मङ्गलवार, रो. ३उत्तरा. श्रवण नक्षत्र छाडी, शुभ ग्रहबसेको लग्नमा अष्टमस्थान शुद्धपारी उनका योनि नक्षत्रमा योगिनीचक्र समेत जुराई पशुको ठाउँ सार्दा शुभ होला।

शिल्प-विद्या सिक्ने मुहूर्तअश्वि.रो.मृ.पुन.ति.ह.चि.स्वा. ऽनु.मू.अभि.३उत्तरा.ध.श.रे. नक्षत्रमा, चन्द्रमा बुध वा गुरुको षड्वर्गमा १ वा १० स्थानमा बुध भएको लग्नपारी शिल्प विद्या सिक्दा शुभ हुन्छ।

व्यापारिक प्रतिष्ठानारम्भ मुहूर्त:रिक्तातिथि, मङ्गलवार तथा कुम्भलग्न छाडी, अश्वि.रो.मृ.ति.३उत्तरा.ह.चि.ऽनु. रे. नक्षत्रमा, लग्नमा चन्द्रमा २।१०।११ मा शुभग्रह र ८।१२ स्थानमा पापग्रह नपार्नु शुभ हुन्छ।

द्रव्यलेनदेन गर्ने मुहूर्त:अश्वि.मृ.पु.ति.चि.स्वा.वि.ऽनु. श्र.ध.श.रे. नक्षत्रमा, बुधवार छोडी, चर(१,४,७,१०) लग्न देखि ५।८।९ स्थान शुद्धगरी ऋणप्रवाह गर्दा शुभ। मङ्गलवार ऋण लिनाले ऋणीको वंशपर्यन्त ऋण रहन्छ भनिन्छ।

नविनवस्त्र धारण मुहूर्तअश्वि.ह. चि.स्वा.ऽनु.रे. नक्षत्रमा स्त्रीले नयाँ वस्त्र वा आभुषण लाउनु। पुरुषलाई रिक्ता (४.९.१४) तिथि छाडी, पु.ति.रो.आ.३उत्तरा. नक्षत्रमा, बुध. विही. शुक्रवार नयाँ वस्त्र वा आभुषण धारण गर्दा शुभ होला।

मीत लाउने मुहूर्तचि.पूफा.ऽनु. नक्षत्रमा, शुक्रवार, तैतिल करण, ८।१२ तिथि, शुक्र बसेको वा देखेको लग्नमा मित लाउँदा शुभ हुन्छ।

पुराण श्रवण मुहूर्त:अश्वि.रो.मृ.ति.ह.ऽनु.मू.श्र. यी ८ नक्षत्रमा, शुभतिथिमा शुभवारमा, गुरुशुक्रको उदयमा पुराण श्रवण चक्र जुराइ पुराण श्रवण गर्दा शुभ होला।

पुराणश्रवण चक्रं गुरुको नक्षत्रबाट	
स्था	फलम्
४	धर्मप्राप्ति:
८	श्रीप्राप्ति:
९	कथासिद्धि:
१४	परमसुखम्
२०	पीडा
२४	नृपभयम्
२७	ज्ञानप्राप्ति:

औषधि सेवन मुहूर्त:अश्वि.मृ.पु.ति. ह.चि.स्वा.ऽनु.मू. ध.श्र.श.रे. नक्षत्रमा औषधि सेवन गर्दा शुभ होला।

रोगस्नान मुहूर्त:रे.पुन.३उत्तरा.रो. म.स्वा.श्ले. नक्षत्र, सोम. बुधवार छाडी, रिक्तातिथि, चरलग्नमा केन्द्र त्रिकोणमा पापग्रह ३।६।११मा शुभग्रह र चन्द्र हीन वल भएको बेलामा रोगस्नानगर्दा शुभ होला।

रोगविचार:विरामीको रोग सम्बन्धी प्रश्न गर्ने बेलामा पापग्रह संग बसको चन्द्रलग्नमा छ र पाप ग्रहकोदृष्टि परेको छ भने विरामीलाई सञ्चो हुदैन। सूर्य ७ स्थानमा र चन्द्र लग्नमा छ या विपरीत सूर्य १ मा र चन्द्र ७ मा छ भने विरामी मर्दछ।

तिथिरारञ्च नक्षत्रं योगं बारं च संयुक्तं
भक्ता द्वादश शेषेण मरणं जीवनं फलम्।
रामवाणरसाष्टौ च चन्द्रं रुद्राक्ष जीवित
एक पक्ष युगं सप्त दशाभावे नजीवति॥

प्रश्न गर्ने बेलाको तिथि, वार, नक्षत्र, योगको संख्यालाई १२ ले भाग लिंदा मर्ने र बाच्ने ज्ञान:यसैलाई ८ ले भाग लिंदा ७।३ शेषमा देवीको, २।६ रहे पितृको, ४।० शेष रहे डंकिनीको र १।५ रहे केहिको दोष छैन।

यात्रा मुहूर्त सम्बन्धी तत्थ्यहरू

यात्रा मुहूर्तमा दिशाशूल, नक्षत्रशूल, योगिनी, भद्रा, चन्द्रमा, तारा, शुभतिथि-नक्षत्र आदिको विचार गरिन्छ।

१.शुभ तिथि:भद्रादि दोषरहित २, ३, ५, ७, १०, ११ एवं शुक्लपक्षको १३(त्रयोदशी) र कृष्णपक्षको १(प्रतिपदा)।

२.शुभ नक्षत्र:अश्विनी, मृगशिरा, पुनर्वसु, तिष्य, हस्त, ऽनुराधा, श्रवण, धनिष्ठा, रेवती।

३.सर्वत्रजानहुने नक्षत्र:अश्विनी, तिष्य, ऽनुराधा, हस्त।

४.मध्यमनक्षत्र:रो., ३पूर्वा, ३उत्तरा, ज्ये., मू., श.।

५.श्रेष्ठ वारबेला:अमृत, चर, लाभ, शुभ।

६.शुभ होरा:चन्द, बुध, गुरु, शुक्रको होरा।

७.शुभ चन्द्रहरू:आफ्नो राशिबाट गन्दै जाँदा मेष मिथुन कन्या तुला मकर कुम्भको चन्द्रमा शुभ, शुक्लपक्षमा वृष सिंह धनुको चन्द्रमा शुभ हुन्छ। (जस्तै आफ्नो राशि मेष छ, भने कुनदिन जाने हो त्यसदिनको पञ्चाङ्गमा हेर्दा चन्द्रराशि माथिको जुन राशि क्रमैसँगै गन्दा आउँछ त्यहि सम्झनु पर्छ।)

८.शुभ तारा:जन्म नक्षत्रदेखि दिननक्षत्रसम्म गन्दै जादा जुन संख्या आउछ, त्यसलाई ९ ले भागगर्दा यदि शेष १,२, ४, ६, ८, ० बचेमा शुभ हुन्छ भने अन्य शेषमा अशुभ।

९.यात्रामा शुभाशुभ लग्न: कुम्भको नवांशमा यात्रा कदापि नगर्नु। शुभलग्न त्यो हुन्छ जसमा १।४।५।७।९।१० औं स्थानमा शुभग्रह र ३।६।११ स्थानमा पापग्रह हुन्छन्। अशुभ लग्नमा चन्द्रमा १।६।८।१२ वा कुनै पनि ग्रहको साथमा शनि:१०, शुक्र:७, गुरु:८, बुध:१२, लग्नेश:६, ७, ८ र १२ हुन्।

१०.दिशा शुल:सोम र शनिवार पूर्वतर्फ जानु हुँदैन्, मङ्गल र बुधवार उत्तरतर्फ नजानु। आइत र शुक्रवार पश्चिमतिर गए हानि मात्र होइन् दु:ख पनि पाइन्छ। यदि विहीवार दक्षिण दिशातर्फ गयो भने साह्रै नै नराम्रो वा अरिष्ठ हुन्छ भनिन्छ।

११.कालराहुको बास:शनिवार-पूर्व, शुक्रवार-अग्निकोण, विहीवार-दक्षिण, बुधवार-नैऋत्य, मङ्गलवार-पश्चिम, सोमवार-वायव्य, आइतवार-उत्तरदिशामा कालराहुको वास हुन्छ। यात्राको दिशामा कालराहु (अनिष्ठ)नराम्रो हुन्छ। अत: जुन वार यात्राको दिशामा कालराहुको वास हुन्छ, त्यसलाई छाड्ने।

१२.नक्षत्र शूल: पूर्वमा-ज्येष्ठा पू.पा.उ.पा., दक्षिणमा-विशाखा श्रवण पू.भा., पश्चिममा-रोहिणी तिष्य मूल, उत्तरमा- पू.फा., उ.फा., हस्ता, विशाखामा कदापि यात्रा गर्नु हुँदैन्। दक्षिणको यात्रामा धनिष्ठापंचक (ध. श. पूभा. उभा. रेवती) नक्षत्र छोड्नु पर्दछ।

१३.योगिनी वासका तिथि:१-९ पूर्व, ३-११ आग्नेय, ५-१३ दक्षिण, ४-१२ नैऋत्य, ६-१४ पश्चिम, ७-१५ वायव्य, २-१० उत्तर, ८-३० इशानमा योगिनीको वास हुन्छ। यात्रामा सन्मुख र दायाँको योगिनी अशुभ, बायाँदिशा र पछाडीको योगिनी भने शुभ हुन्छ।

१४.चन्द्रमाको दिशा: यात्रामा चन्द्रमा सन्मुख वा दायाँ दिशामा शुभ हुने, पछाडी चन्द्रमा भएमा मृत्यु र बायाँतर्फ हुँदा हानि हुन्छ। चन्द्रमाको दिशा त्यसको तत्कालिन राशिबाट मानिन्छ। मेष, सिंह र धनुका चन्द्रमा पूर्वमा। वृष, कन्या र मकर राशिका चन्द्रमा दक्षिणमा। मिथुन, तुला र कुम्भ राशिका चन्द्रमा पश्चिममा तथा कर्कट, वृश्चिक र मीन राशिका चन्द्रमा उत्तरमा हुन्छ।

१५.समय शूल:उषाकालमा पूर्वमा, गोधुलिमा पश्चिममा, अर्धरातिमा उत्तरमा मध्यान्ह कालमा दक्षिण दिशातिर जानु हुँदैन् गएमा समयशूल पर्दछ।

पाञ्चायन देवता स्थापना

आदित्यं गणनाथं च देवीं रुद्रं च केशवम् ।
पञ्चदैवत्यमियुक्तं सर्वकर्मसु पूजयेत् ॥

षोड्शोपचार सर्वदेवपूजन विधि

(यथोपलब्ध पदार्थेन कामनापत्वेनकर्तव्यम्)

शुद्ध आसनमा बसी दीयो बती बाली आचमनगरी अर्घ स्थापना गर्ने, अर्घमा चन्दन अक्षता फूल चढाउने अनि जौ, तिल, कुश अर्घमा हाल्नु तब अर्घबाट ३ टुक्रा कुश हातमा लिएर ॐ अपवित्रःपवित्रो वा सर्वावस्थां गतोऽपि वा । यस्मरेत् पुण्डरीकाक्षं सवाह्याभ्यान्तर शुचि ॥ भनी अर्घको जल शरीरमा छर्कनु ॐ केशवाय नम । ॐ नारायणाय नम । ॐ माधवाय नम । भनी अर्घबाट ३ टुक्रा कुश, जौ, तिल लिई ॐ विष्णुः३, ॐ तत्सदद्य श्री मद्भगवतो महापुरुषस्य विष्णो राज्ञया प्रवर्त्तमानस्य ब्रम्हणो द्वितीयपरार्द्धे श्री श्वेत वाराह कल्पे सप्तमे वैवस्वतमन्वन्तरे अष्टा विंशतितमे कलियुगस्याद्यचरणे जम्बूद्वीपे भरतखण्डे आर्यावर्त्तैक देशान्तर्गते .... पुण्यक्षेत्रे, ... संवत्सरे, ... अयने, ... ऋतौ, ... मासे, ... पक्षे, ... तिथौ, ... वासरे, ... नक्षत्रे, ... गोत्रोत्पन्न, ... नामाहं ममकायिक वाचिक मानसिक सांसर्गिक ज्ञातऽज्ञात सकलदोष परिहारार्थ श्रुतिस्मृति पुराणोक्त फल प्राप्त्यर्थ श्री परमेश्वर प्रीत्यर्थ .....देवपूजनं करिष्ये ॥ भनी संकल्प गर्नु र पूजा गर्न थाल्नु आगच्छ भगवान् देव स्थाने चात्रस्थिरो भव । यावत् पूजां करिष्यामि तावत्वं सन्निधौ भव । देव प्रतिष्ठा गर्नु- अस्यैप्राणा प्रतिष्ठन्तु अस्यैप्राणा क्षरन्तु च । अस्यै देवत्वमर्चायै मामहेति च कश्चन ॥ फूलको आसनदिने- सौम्यं सुशोभनं दिव्यं सर्व सौख्यकरंशुभम् । आसनञ्च मयादत्तं गृहाण परमेश्वर । जल चढाउने- उष्णोदकं निर्मल च सर्व सौगन्ध संयुत्तम्। पाद प्रक्षालनार्थाय दत्तं ते प्रतिगृहयताम् । अर्घ्य गृहाण देवेश गन्ध पुष्पाक्षतैः सह ।. करुणाकर मे देव गृहाणार्घ्य नमोस्तुते ॥ फेरी जल चढाउने- सर्वतीर्थ समायुक्त सुगन्धिं निर्मलं जलम् । आचम्यतां मयादत्तं गृहाण परमेश्वर ॥ पुनः जल चढाउने- गङ्गासरस्वती रेवापयोष्णी नर्मदाजलैः । स्नापितोसि मयादेव तथा शान्ति कुरुष्वमे ॥ पंचामृत चढाउने- पयोदधि घृतञ्चैव मधु शर्करया युतम् । पंचामृत मायानीत स्नानर्थं प्रति गृहयाताम् ॥ फेरी जल चढाउने- मन्दाकिन्या स्तुयद्वारि सर्वणापहरंशुभम् । तरिदंकल्पित देव स्नानार्थ प्रति गृहयतम् । वस्त्र चढाउने- सर्व भूषाधिके सौम्यलोकलब्जा निवारण मयोपपादिते तुभ्य वाससी प्रतिगृहयातम् । जनै चढाउने- नवभिस्तन्तुभिर्युत्तम् त्रिगुणं देवतामयं । उपवीतं मयादत्तं गृहाण परमेश्वर । श्रीखण्ड चन्दन चढाउने- श्रीखण्ड चन्दनं दिव्यं गन्धाढ्यं सुमनोहरं विलोपनं सुरश्रोयष्ठ चन्दनं प्रतिगृहयाताम् ॥ अबीर सिन्दूर चढाउने- अबीरं च गुलालं च चोवा चन्दन मेव च । अबीरेणार्चितोदेव अतः शान्तिं प्रयच्छमे । सिन्दूर शोभनं रक्तं सौभाग्यं सुखवर्धनं । शुभदं कामदं चैव सिन्दूर प्रति गृह्यताम् । अक्षता चढाउने- अक्षतांच सुरश्रेष्ठा कुंकुमोक्ताः सुशोभिता मयानिवेदिता भक्त्वा गृहाणा परमेश्वर ॥ फूलमाला चढाउने- माल्यादीनि सुगंधीनि मालत्यादीनि वै प्रभो । मयाहृतानि पुष्पाणि गृहाण परमेश्वरः ॥ धूप वत्ति बालेर चढाउने- वनस्पति रसोद्भूतो गन्धाढ्यो गन्ध उत्तमः । आघ्रेयं सर्वदेवानां धूपोयं प्रतिगृह्यताम् ॥ आर्ज्यं च बर्ति संयुक्त वाह्निना योजितं मया दीपं गृहाण देवेश त्रैलोक्य तिमिरापहम् । नैवेद्य चढाउने- शर्करा घृत संयुक्तं मधुरंस्वादु चोत्तमम् । उपहारं समायुक्तं नैवेद्यं प्रतिगृह्यताम् ॥ जल चढाउने- गंगाजलं समानीतं सुवर्ण कलशे स्थितम् । आचम्यतां सुरश्रेष्ठ शुद्धमाचमनीयकम् ॥ फलफूल चढाउने- इदं फलं मयादेव स्थापितं परतस्तव । तेनमे सफलावाप्तिर्भवेज्जन्मनिजन्मनि ॥ पानसुपारी चढाउने- पूंगी फलं महादिव्यं नाग वल्ली दलैर्युतम् । एलादि चूर्णसहितं ताम्बूलं प्रति ग्रहयताम् ॥ भेटीचढाउने- हिरण्य गर्भगर्भस्थं हेमवीजं विभावसो । अनन्त पुण्यफलद अतःशान्तिं प्रयच्छेमे ॥ नीराजन (आरती) गर्ने- चन्द्रादित्यौ त धरणी विद्युतग्नि तथैव च । त्वमेव सर्व ज्योतिंषी आर्तिक्यं प्रति गृह्यताम् ॥ पुष्पाजली चढाउने- नाना विधपुष्पाञ्जलिं समर्पयामि ॥ प्रदक्षिणा (परिक्रमा) गर्ने- यानिकानिचपापानि जन्मान्तर कृतानि च । तानि सर्वाणि नश्यन्तु प्रदक्षिणां पदे पदे ॥ प्रार्थना गर्ने- जन्मानि सन्तु ममदेव शताधिकानि मया नमे विशतु चित्तमबोध हेतुः । किंचित् क्षणार्धमपिते चरणारविन्द ध्यानेस्तुमे हृदयमीश नमो नमस्ते ॥ दक्षिणा संकल्प गर्ने- पूर्वसंकल्प सिद्धिरस्तु अमुक देव पूजन साङ्गफल प्राप्तये अमुक द्रव्यं, अमुक देवता प्रीतये अमुक गोत्राय, अमुक नाम्ने ब्राम्हणाय दास्ये तत्सत् नमः भनी ब्राम्हणलाई दक्षिणा दिएर अर्घ घुमाई पूजा समाप्त गर्ने र आचमन गर्ने । इति सर्वदेवपूजनविधि ।

विषघटी काल तथा त्याज्य समयः

वार विषघडीः आइत:२०, सोम:२, मङ्गल:१२, बुध:१०, बिही:७, शुक्र:५, शनि:२५ घडी पछिको ४ घडीको समय विषघटीको समय त्यागेर मात्र शुभकार्य गर्नु पर्दछ ।

तिथि विषघटीः प्रतिपदा:१५, द्वितीया:५, तृतीया:८, चौथी:७, पञ्चमी:७, षष्ठी:५, सप्तमी:४, अष्टमी:८, नवमी:७, दशमी:१०, एकादशी:३, द्वादशी:१०, त्रयोदशी:१२, चतुर्दशी:७, पूर्णिमाः र औंशी:८ घडी पछिको ४ घडी विष घटी हुन्छ । तिथिगणान्त(५।१०।१५/३०को अन्तिम १ घडी र १।६।११ तिथिको प्रारम्भिक१घडी) पनि विषघटी हुन्छ ।

नक्षत्र विषघटीः अश्विनी:५०, भरणी:२४, कृतिका:३०, रोहिणी:४०, मृगशिरा:२४, आर्द्रा:२१, पुनर्वसु:३०, तिष्य:२०, श्लेषा:३२, मघा:३०, पू. फा:२०, उ.फा:१८, हस्ता:२१, चित्रा:२०, स्वाती:१४, विशाखा:१४, ञुरा:१०, ज्येष्ठा:१४, मूल:५६, पू.षा:२४, उ.षा:२०, श्रवण:१०, धनिष्ठा:१०, शतभिषा:१८, पू.भा:१६, उ.भा:२४, रेवती:३० पूर्णकाल, रेवती:३० पूर्ण र पछिको ४ घडी पनि विषघटी हुन्छ ।

विष्कुम्भादि योगको वर्जितकालः परिघको पूर्वार्द्ध, विष्कुम्भको शुरुको ५ घडि, शूल, गण्ड तथा व्याघातको ६ घडी, हर्षण तथा वज्रको ९ घडि, वैधृति तथा वज्रको शुरुको ९ घडी र वैधृति व्यतिपातको पूर्णकाल त्याज्य हुन्छ शुभकर्महरूमा ।

आनन्दादि योगको वर्जितकालः ध्वांक्ष, मुद्गर र वज्र योगको प्रारम्भिक ५ घडी, काण तथा मुसलको २, पद्म तथा लुम्बको ४, धूम्रको १, गदको ७, चरको ३ घडीको प्रारम्भिक समय र मृत्यु, काल, उत्पात, राक्षसको सम्पूर्ण समय शुभकृत्यहरूमा त्याग्नु भन्ने शास्त्रीय विचार छ ।

अभिजित मुहूर्तः अभिजित मुहूर्तमा मध्यान्ह अगाडि एवं पछाडिको ३० पला (१२/१२ मिनेट)को समय पर्छ । अभिजित मुहूर्तलाई सर्वोत्कृष्ठ मुहूर्त मानिन्छ ।

सुख, सम्पति, दीर्घायु, धनधान्य प्राप्तिको लागि प्रतिवर्ष चन्द्रमासको आधारमा तिथिमा आफ्नो जन्मोत्सव मनाउदाँ

जन्मतिथिरौदयिकी ग्राह्याः

युगाद्यावर्षवृद्धिश्च सप्तमी पार्वती प्रिया ।
रवेरुदयमिच्छन्ति न तत्र तिथियुग्मता ॥ १ ॥
मृते जन्मनि संक्रान्तौ श्राद्धे जन्मदिने तथा
अपृश्यस्पर्शने चैव न स्नायादुष्णवारिणा ॥ २ ॥
खण्डनं नखरोमाणं मैथुनाध्वगमो तथा ।
आमिषं कलहं हिंसां वर्षवृद्धौ विवर्जयेत् ॥ ३ ॥
कृतान्तकुजयोर्वारि यस्य जन्मतिथिर्भवेत् ।
अनृक्षयोग सम्प्राप्तौ विघ्नस्तस्य पदे पदे ॥ ४ ॥
नवाम्वरधरो भूत्वा पूजयेत चिरायुषम् ।
मार्कण्डेयं नरो भक्त्या पूजयेत् प्रयतस्तथा
दीर्घायुषं व्यासं रामं द्रौणिं कृपं तथा बलिम् ।
प्रह्लादं च हनुमन्तं विभीषणमथार्चयेत् ॥
स्वनक्षत्रं जन्मतिथि सम्प्राप्य पूजयेन्नरः ।
षष्ठी च दधिभक्तेन वर्षेवर्षे पुनःपुनः ।
तिथितत्वे एतन्नामभिस्तिलहोमोयुक्तः ॥ ५ ॥
सर्वैश्च जन्मदिवसे स्नात्वामङ्गलवारिभिः ।
गुरुदेवाग्नि विप्राश्च पूजनीयाः प्रयत्नतः ॥
स्वनक्षत्रं च पितरं तथा देवं प्रजापतिम् ।
प्रतिसंवत्सरंयत्नात् कर्त्तव्यश्च महोत्सवः ॥ ६ ॥
गुडदुग्धतिलानद्धं हस्ते ग्रन्थिं च बन्धयेत् ।
गुग्गुलं निम्व-सिद्धार्थे दूर्वागोरोचनादिकम् ।
सम्पूज्य भानु विघ्नेशौ महर्षिं प्रार्थयेदिदम् ॥ ७ ॥

प्रार्थना:चिरञ्जीवी यथा त्वं भो भविष्यामि तथा मुने । रुपवान् वित्तवांश्चैव श्रिया युक्तश्च सर्वदा ॥ मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीवनं । आयुरारोग्य सिद्ध्यर्थ प्रसीद भगवन् मुने॥ चिरञ्जीवी यथा त्वं तु मुनीनां प्रवरद्विजः। कुरुष्व मुनिशार्दूल तथा मां चिरजीविनम् ॥ मार्कण्डेय महाभाग सप्तकल्पान्त जीवनः । अस्माकमायुरारोग्यसिद्ध्यथं वरदो भव ॥ सतिलं गुडसम्मिश्रमञ्जल्यर्धमितं पयः॥ मार्कण्डेयाद्भव लब्ध्वा पिबाम्यायुर्विवृद्धये ॥ पयः पिबेत् ततो मूलमन्त्रेण मार्कण्डेयव्यासा दीनां नाममन्त्रेश्च पूजाहोम मिच्छन्ति कुलाचार्याः ॥

प्रयोगः कर्त्ता सर्वौषधिस्नान पूर्वकंस्नात्वा कृतनित्य क्रियाः शुचिराचाम्यः प्राङ्उ दङ्मुखोपविष्य ॥

सङ्कल्पः ॐ अद्येत्यादि देशकालादीन् संकीर्त्य अमुक गोत्रस्य ममायुरारोग्यैश्व र्योदय प्राप्तिकामो जन्मोत्सव कर्म निर्विघ्न परिसमाप्त्यर्थं दीपकलशगणेशाम्बिका पूजन पूर्वकं मङ्गला विधानक शान्ति कलशस्थापनमहं करिष्ये । दीपकलशगणेश पूजां विधाय धूपदीप नैवेद्या दीनि कृत्वा प्रार्थयेत् ॐ वक्रतुण्ड महाकाय कोटि सूर्यः सम प्रभः ॥ निर्विघ्नं कुरु मे देव सर्वकाम प्रसिद्धये ॥

कलशस्थापनं- ततः कलशस्कन्धप्रदेशे ॐ गणपत्यादि पञ्चायनां, ॐ विनायकादिपञ्चलोकपालान्, ॐ आदित्यादि नवग्रहान्, ॐ ईश्वराद्यधिदेवान्, ॐ अग्न्यादिप्रत्यधिदेवान्, ॐ इन्द्रादिदशदिकपालान्, ॐ धुवादिऽष्टवसून्, ॐ धात्रादि द्वादशादित्यां, ॐ वीरभद्राद्येकादशरुद्रान्, ॐ गौर्यादिषोड- शमातरः, ॐ आवहादि सप्त मरुतः, विनायकब्रम्हाविष्णुरुद्रार्कवनस्पतीं यथामिलि तोपचारैः पूजयें ब्राम्हण वरणम्, पुण्याहवाचनम् ।

सङ्कल्पः ॐ अद्येत्यादि ममायुरारोग्यैश्वर्योदयप्राप्ति कामनया गुरुं नारायणंदेवं अग्निं प्रजापतिं पितृन् मार्कण्डेयं व्यासं रामं द्रौणिं कृपं वलिं प्रह्लादं हनुमन्तं विभीषणं षष्ठिकां स्वनक्षत्रं स्वतिथिं अहं पूजयिष्ये ॥ मंगलाभिधान कलशे गुरुं नारायणंदेवं अग्निं प्रजापतिं पितृं स्वस्व नाम मन्त्रैश्च तुर्थ्यन्तपदैः पूजयेत् । तत्कलशसमीपे पीठिकोपरि वस्त्रमास्तीर्य तदुपरि अष्टदल पद्मं विलिख्य तत्राष्ट दल मध्ये मार्कण्डेय । पूर्वदले व्यासं । आग्नेयदले परशु

रामं । उत्तरदले द्रोणिं। नैऋत्यदले कृपं। पश्चिम- दले वलिं । वायव्यदले हनुमन्तं । दक्षिणदले विभीषणं । इशान्य दले प्रह्लादे। मध्ये तत्समीपे स्वनक्षत्रं स्वतिथिं स्वस्वनामभिः चतुर्थ्यन्तपदैरर्चयेत् ॥

प्रार्थयेत् चिरञ्जीवी यथा त्वंभो भविष्यामि तथा मुने। रुपवान् वित्तवांश्चैव श्रियायुक्तश्च सर्वदा ॥ मार्कण्डेय नमस्तेऽस्तु सप्तकल्पान्तजीवन ! आयुरारोग्य सिद्ध्यर्थ मस्माकं वरदोभव ॥ ततः षष्ठिकायै दधिभक्तबलिंममायुरा- रोग्यवृद्धये षष्ठिकायै एष दधिभक्त बलिस्तुभ्यं नमः ॥ ततः पीतवस्त्रं गुग्गुलं निम्बं सिद्धार्थदूर्वा गोरोचनादिकं धृत्वा तत्र गणेशं भास्करं च पूजयित्वा महर्षि मार्कण्डेयं प्रार्थयित्वा दक्षिणभुजे धारयेत् ॐ मार्कण्डेय महाभाग आयुरारोग्य- दायक । शुभदौ विघ्नहर्तारौभानुर्विघ्नेश एव तु ॥ धारयामि भुजेदक्षेमम कल्याण हेतवे । पूरयध्वं सदाऽस्माकं कामनां- श्चमनोरथान् ॥ ततः स्वगृहयोक्त विधिनाऽग्निं स्थापयित्वा अस्मिन् कर्मणि प्रतिष्ठि देवताभ्यः प्रधान भूतेभ्यो यथा संख्याकं तिलया होमं कारयेत् ।पूर्णाहुतिं हुत्वा यथाशक्ति गोभूहिरण्यादि दक्षिणां दद्यात्। आयुरारोग्यवृद्धयर्थ माज्येक्षणं कुर्यात् ॥ पयः पिबेत् सतिलं गुडसम्मिश्र मञ्जल्यर्द्धमितं पयः । मार्कण्डेयाद्वरंलब्धापिबाम्यायुर्विवृद्धये ॥ ततः शान्ति कलशो दकेनाभिषे कादिकं कृत्वा ब्राम्हणाभोजयेत्। इति जन्मोत्सव विधिः समाप्तः॥

व्रतबन्ध विवाहमा लगन लेख्ने तरिका

श्री मङ्गलमूर्त्तये नमः ॥ आदित्यादि ग्रहा सर्वे ज्योतिश्चक्र निवासिनः ॥ दीर्घमायु प्रयच्छन्तु यस्येषां लग्न पत्रिका ॥

श्री शाके ... संवत .... अथ सौरमानेन .... मासे .... गते .... वासरे प्रातः श्री सूर्योदयाद्गत घटिकाषु .... । .... गत (स्थानीय समयानुसार .... बजेर .... मिनेटमा) पूर्वादिमुखे आदौ दीप कलश गणेश पूजन पूर्वक धान्य पात दधि साक मत्स्य इच्छु दण्डमूलेन कदलीपत्र ठंडिलकरण वेदिका निर्माण गृहाङ्गण लेपनादि सर्वारम्भ पूर्वाङ्ग वस्त्र छेदन क्रमाचरेत् ॥

गोचर ग्रह शान्ति ....

पुनः ... दिन ... गते ... वासरे दिवा/रात्रौ गत घटिकाषु ... । ... (स्थानीय समयानुसार ... बजेर ... मिनेटमा)-यसपछि देहाय बमोजिम

व्रतबन्धको लागि (पूर्वमुखे चूडाकर्म मेखला बन्धन दण्ड धारण पुनः .... गत घटिकाषु .... । .... गत (स्थानीय समयानुसार .... बजेर .... मिनेटमा) वेदपाठ चण्डीपाठ विष्णुसहस्त्र नामपाठ शंखध्वनी मङ्गलादिक युते वटुभे गायत्री मन्त्रदानं शुभलग्ने शुभांशके स्वस्व कुलानु- सारेण शुभम् ॥)

विवाहको लागि (पूर्व/उत्तर मुखे वर-वधू द्वयो शुभ विवाह शुभलग्ने शुभांशके सुवर्ण सहिते कन्यादान स्वस्व कुलानुसारेण अतिव शुभम् ॥)

विवाहमा माहुरमा लेख्ने श्लोक

वर तर्फः

यावद् गङ्गा कुरुक्षेत्रे यावत तपति भाष्करः ।
सुमेरुर्निश्चलो यावतावज्जीवतु बालकः ॥

वधू तर्फः

उत्तमवल्लीरिपुजा सा कन्या पतिबल्लभा ।
तस्याहाररिपुस्वामी तस्यकान्ता स्थिराभव ॥

आशौच सम्बन्धी विचार

समाजमा नैतिकता सदाचार र मर्यादाका लागि हाम्रा आर्यग्रन्थहरूमा विभिन्न विषयहरू प्रतिपादित गरिएका छन् । यसै विषयलाई धर्म पनि भन्न सकिन्छ । मूलत: वेद निहित कर्म नै धर्म हो । धर्मशास्त्रले नित्य नैमित्तिक र काम्य तीन प्रकारका कर्मको निर्देश गरेका छन् यिनमा आशौच निर्णय पनि एक प्रमुख विषय हो । हाम्रो समाजमा मुख्यत दुई किसिमका आशौचको विधान गरिएको छ जुन जन्माशौच (सूतक) र मरणाशौच (जुठो) हो । मरणाशौच (जुठो)को विषयमा अत्यन्तै सूक्ष्म चिन्तन विविध धर्मशास्त्रहरूमा गरिएको प्रसङ्गलाई यहाँ समावेश गरिएको छ ।

विशेषत: आफूबाट ७ पुस्तासम्म सपिण्डको १० दिन, ८ देखि १४ पुस्तासम्म सोदक ३ दिन र १५ देखि २१ पुस्तासम्म सगोत्र (वन्धु) मानी १ दिन आशौच निर्धारण गरिएको हुन्छ । जुन यसप्रकार छ ।

गर्भस्राव र गर्भपात भएमा

गर्भस्रावमा (४महीनाभित्र गर्भ तुहिएमा) आमालाई ३ दिन ३ रात, सपिण्डहरु सद्य:शौच स्नानले शुद्ध भइन्छ । ५ र ६ महिनाको गर्भपातमा आमालाई महीना अनुसार ५ दिन, सपिण्डहरूलाई ३ दिन सूतक लाग्दछ ।

प्रसूति (सुत्केरी) सम्बन्धी

७ औं महिनापछि बच्चा जन्मेमा पूरा १० दिन (१० रात) सूतक लाग्दछ । जन्मपछि पिताले पनि सचैल (लुगासहित) स्नान गर्नुपर्दछ । माइतमा सुत्केरी भए माइतीलाई १ दिन सूतक लाग्छ । सुत्केरीलाई छोएपछि स्नानले शुद्ध हुन्छ । जन्मेको पहिलो दिन जातकर्मको अधिकारका लागि, छैठौं दिन षष्टीपूजाको अधिकारका लागि र दशौं दिन नामकरण संस्कारको योग्यताकालागि र१० दिनपछिसुनेको जन्मसूतकवार्नुपर्दैन।

प्रसवाशौच

नाल नकाटी मरेको भए (मरेको पैदा भए) ३ दिन र काटेपछि १० दिन भन्ने केही मत भए तापनि मरेको पैदा हुादा वा न्वारन नहुादै मर्दा मरणाशौच कसैलाई पनि लाग्दैन । बाबु-आमाले यसनिमित्त स्नान गर्नु पर्दछ र सूतक भने सपिण्ड सबैलाई १० दिन नै लाग्दछ ।

सद्याशौच (स्नानमात्र)

६ महीनासम्म (दाँत ननिस्केको) बच्चाबिते सपिण्डीलाई सद्याशोच लाग्छ । सम्धी-सम्धिनी, सौतेनी फुपू, भदाको, विवाहिता छोरीलाई काका-काकी, ठूलोबाबु-ठूलीआमा, सानिमा-ठूलिमा, छोरीको छोरी, मामाका छोरा छोरीहरू, भतिजीहरू र गाउका यस्तै सामान्य नातापर्ने वा स्नेहीहरूको, घरमा पालेका पशुको, मलामी गएमा, अवस्थामा आशौच बार्नु पर्दैन स्नानमात्रले शुद्धि हुन्छ ।

अहोरात्र (१दिन/१रात) आशौच

६ महिनादेखि ३ वर्षसम्मको बच्चाको, छोरी भए सपिण्डलाई १ दिन, पुरोहित, गुरुपत्नी, गुरुपुत्र, सौतनी मामा-माइजू, जेठान, साला, साली, मित, ज्व(इा, धर्मपुत्रपट्टिका नाति, नातिनी (स्वकुलका भए पूरै) तथा घरमा आफ्नो नाता नपर्नेको मृत्युमा पनि १ दिन आशौच लाग्छ ।

पक्षिणी (२ दिन १ रात/१ दिन २ रात) आशौच

मातामही (मामाघरकी बज्यै), माइजू, मामाका छोरा, फुपू, फुपूका छोरा, सानिमा, ठूलिमा, सानिमा ठूलिमाका छोराहरू, बुबाकी फुपूका छोराहरू, हजुरआमाका दिदीबहिनीका छोराहरू, बुबाका मामाका छोराहरू, आमाकी फुपूका छोराहरू, आमाकी सानिमा, ठूलिमाका छोराहरू, छोरीको छोरा (उपवीत भए) तथा आफूभन्दा उच्चजातिको मित आदिको पक्षिणी आशौच लाग्दछ ।

३ दिन/३ रातको आशौच

६ महिनासम्मको छोरी र विवाहित छोरी विते बाबु-आमालाई ३ दिन, मामाघरका बाजे, मामा, गुरु (गायत्री र दीक्षा), आफैले उपनयन गरेर पढाएका शिष्य, सासू-ससुरा, आफ्नै घरमा पुरोहित बितेमा, बिवाहित दिदीबहिनी, उपनयनगरेको भान्जा, असपिण्डहरू आफ्नै घरमा बितेमा, बिवाहित छोरीले बाबु-आमाको, आमा-बाबुले विवाहितछोरीको, छोरा व्रतवन्ध नगरी बितेमा, धर्मपुत्रले मानेका र छोडेका दुबैतर्फका बाबु-आमाको आशौच ३ दिन, आफै अन्त्यकर्म गर्दा पूरै १० दिन बार्नुपर्छ, धर्मपत्नीवाहेक पुनर्भू र ती पत्नी बाट जन्मेकाहरूको ३ दिन आशौच लाग्दछ, सपिण्डलाई भने एकदिनमात्र लाग्दछ ।

विशेषाशौच

आमा-बावु र पतिको १ वर्ष, सौतेनी आमाको ६ महिना, पत्नीको ३ महिना, दाजुभाइ र छोराको ४५ दिन, बाँकी सपिण्डभित्रको १० रात्रि पूरा र १ महिनासम्म विशेष आशौच लाग्दछ ।

आशौचसम्पात (खप्टिएको आशौच)

१० दिने जननाशौच र १० दिने मृताशौचभित्र कुनैपनि आशौच परेमा सुरुकै आशौच कायम हुन्छ । जननाशौचभन्दा मरणाशौच ठूलो हुन्छ । ३ दिने मृताशौचमा ३ दिने वा सोभन्दा कमका आशौच परेमा पनि सुरुकै ३ दिन कायम हुन्छ । जुनसुकै आशौच भएपनि कम अवधि भएका आशौचले बढी अवधिका आशौचलाई केही गर्दैन । आमाको १० दिनभित्र बाबुको मृत्यु भएमा आमाको ११औा दिनका कृत्यहरू सकेर बाबुको कर्म गर्नुपर्छ । यसरी नै बाबुको १० दिनभित्र आमाको मृत्यु भएमा पनि ११ दिनसम्मका सबै काम सरासर गरी रोकिएको सपिण्डी ४५ दिनमा वा रोहिणी, आर्द्रा, अनुराधा, हस्ता नक्षत्र पारेर मासिकादिपूर्वक गर्नुपर्दछ र अर्को दिन उत्तरपाथेय, शान्ति आदि कार्यगरी स्थान शुद्धि गर्नुपर्छ ।

अतिक्रान्ताशौच (देशान्तर र कालान्तरसम्वन्धि)

सपिण्डभित्रका व्यक्तिले विदेशमा भएका बेला १० दिनभित्र थाहा पाए जति दिन बाकी छ त्यति नै सूतक लाग्दछ । सूतकसमय व्यतीत भएपछिका जननाशौच बार्नु पर्दैन । १० दिनपछि ३ महिनाभित्र मरणाशौच थाहा भए सपिण्डभित्रकालाई ३ दिन, ६ महिनासम्म पक्षिणी, ९ महिनासम्म १ दिन र त्यसपछि थाहा भए स्नान तथा जलाञ्जलिले शुद्ध हुने कुरा बताइएको छ ।

व्रत, यज्ञ, विवाहादिमा आशौच

व्रतसङ्कल्प गरिसकेपछि व्रतमा आशौच लाग्दैन, ब्राम्हण वरण गरिसकेपछि यज्ञमा आशौच लाग्दन, मातृपूजापूर्वक नान्दीश्राद्ध गरिसकेपछि विवाहमा आशौच लाग्दैन, पाककर्म भएपछि श्राद्धमा आशौच लाग्दैन ।

द्रष्टव्य: उपर्युक्त आशौचको जानकारी सङ्क्षिप्त मात्र हो । विस्तृत जानकारीका लागि सम्वन्धित विज्ञ वा शास्त्रको आधार लिनुपर्ने हुन्छ । जानेर वा नजानी आशौच भङ्ग गरेमा सचैल स्नान, प्राणायाम, विविध प्रायश्चित्त आदि गर्नाले आशौचबाट निवृत्ति हुने कुरा शास्त्रले बताएका छन् । आशौचपछि सामान्य पूजा, शान्ति पाठ आदि गरेर मात्र माङ्गलिक कर्महरु गर्नुपर्दछ ।

यान-बाहनको पूजनमन्त्र

नम:काञ्चन चित्राङ्ग वैदुर्य मणिवेदिकम् ।
कुटागारपरिक्षिप्तं सर्वतो रजतप्रभम् ॥
पाण्डुराभि: पताकाभि: ध्वजैश्च समलङ्कृतम् ।
शोभितं काञ्चनैर्हैमै: हेमपद्मविभूषितै ॥
तं मेरुशिखराकारं निर्मितं विश्वकर्मणा ।
ममार्हस्तरणोपेतैरुपयन्ते नमाम्यहम् ॥

वास्तुशास्त्रीय विचार

पूर्वीय ज्ञानानुशाशनका विविधविधाहरू मध्ये वास्तुशास्त्र पनि एउटा अत्यन्त प्राचीन र वहुपयोगी शास्त्र हो । कुनै पनि वस्तुको अर्को वस्तुसंग हुने प्रत्यक्ष/परोक्षसम्वन्ध र त्यसको प्रभावको अध्ययन विश्लेषण वास्तुशास्त्र अन्तर्गत गरिन्छ । मानव जीवन र पञ्चतत्वहरू (भूमि, जल, तेज, वायु, आकाश)को अन्योन्याश्रित सम्वन्धरहेको प्रत्यक्ष देख्न सकिन्छ । मानवशरीर यीनै ५ तत्वहरूले बनेको छ, यी मध्ये कुनै एकको पनि सन्तुलन विग्रन पुगेमा मानव अनेक रोगका संक्रमणमा पुग्दछ । यीनै पाँचतत्वहरूको सन्तुलनले मनुष्यको आवास पनि सुखी र सुन्दर बन्दछ भने सन्तुलन नभएमा आवासले दीर्घकालीन सुख, समृद्धि, ऐश्वर्य अवश्य दिनसक्दैन ।

दिशा,पञ्चतत्वको अवस्था

उत्तर-पूर्व इशानमा पानी, पूर्व-दक्षिण आग्नेयमा आगो, दक्षिण-पश्चिम नैऋत्यमा पृथ्वी, पश्चिम-उत्तर वायव्यमा हावा, उत्तर-इशान मध्यभागमा आकाश हुन्छन्।

घडेरीको लागि भूमि चयन

प्राचीन वैदिक वास्तुशास्त्रमा प्रयोग र प्रयोजनका दृष्टिले भवनहरूको निर्माण भन्दा पहिले भूमिचयनलाई अत्यन्त महत्वका साथ गहिरो विचार-विमर्श गरेको पाइन्छ । भूमिको स्वरुप, प्रकृति, लक्षणका आधारमा अत्यन्तसूक्ष्म वर्गीकरण गरेको पाइन्छ । यहाँ मुख्यत: माटो, दिशा, वाटो र पृष्ठतलका आधारमा भूमिको लक्षण र उपयोगिता सम्वन्धी केही जानकारी समावेश गरिन्छ ।

माटोको आधारमा

❂ चिल्लो नरम, स्निग्ध गन्ध र स्वादभएको माटोलेयुक्त घडेरी सबैखाले निर्माणकार्यको लागि उपयोगी मानिन्छ ।

❂ रातो-अतिकठोर चाम्रो र डल्लापरेको माटो भएको घडेरी बलवर्धक, तेज, उत्साह बढाउने खालको हुन्छ ।

❂ पहेंलो वा हल्का हरियो रङ्गको अमिलो गन्ध आउने खाले माटो भएको घडेरी व्यापारिक प्रयोजनको भूमि हो, यस्तो भूमिमा व्यापारिक प्रतिष्ठानहरू बनाउँदा बढी लाभदायक हुन्छ ।

पूर्वतर्फ वाटो भएको घडेरीको आन्तरिक बनोट



सतहको आधारमा

❂ वीचमा अग्लो र चारै तिर भिरालो भएको घडेरी कूर्म पृष्ठ (कछुवाढाडे) घडेरीले सर्व विध सुख दिन्छ ।

❂ पूर्वतिर अग्लो र पश्चिम तिर होचो घडेरी दैत्यपृष्ठ हुन्छ। यस्तो घडेरीमा आवास बनाउँदा हानि हुन्छ ।

❂ पश्चिम पूर्व लामोसोतो भएको माझमा होँचो दक्षिण उत्तरअग्लो भएको घडेरी नाग पृष्ठे हुन्छ । यस्तो घडेरीमा आवास बनाउँदा रोग, शोक र अभावले ग्रस्त बनाउँछ ।

❂ उत्तरतिर अग्लो र दक्षिण तिर भिरालो जग्गा आवासको लागि उचित हुँदैन । यस्तो भूमिले हानि गर्छ ।

दिशाको आधारमा

घडेरीको मध्यभागवाटपर्ने दिशाहरूको आधारमा पनि घरमा बस्नेहरूलाई प्रभाव परिरहेको हुन्छ । समकोण र समतल घडेरी सर्वोत्तम मानिन्छ । वर्षायाममा परेको पानीको निकास उत्तरदिशामा भएमा धनको प्राप्ति, पश्चिमतिर बग्नेमा सामान्य, दक्षिण वा आग्नेय दिशातर्फ पानीको निकास भएमा सवै तिर अशुभ फलको प्रधानता हुन्छ भने उत्तर, पूर्व ईशान दिशातर्फ पानीको निकास भएमा सवै क्षेत्रमा शुभफल दिन्छ । दक्षिणदिशा भिरालो भैकन उत्तर, पूर्व, इशानकोण कटेको छ भने त्यस्तो जग्गामा वस्ने व्यक्तिको वंशविस्तार अवरुद्ध हुन्छ र सँधै परिवार रोग ग्रस्त रहन्छ । ईशानकोण अन्य कोण भन्दा अग्लोभए धनको नाश, सन्तान अज्ञानी र रोगी हुन्छन् । घडेरीको दक्षिण, पीश्चम दोवाटो भएमा दोष लाग्दछ, तसर्थ भूमिशोधन गर्नु पर्दछ। घरको अगाडि दूधआउने वा काँडा भएको रुख भए पनि दोषयुक्त हुन्छ ।

घडेरीको आन्तरिक बनोट



भूमिशोधन

घडेरीको चारैकुना नमिलेको तर ईशानकोण बढेको भएमा अत्यन्तै शुभ, वायव्यकोण बढेमा मानसिक अशान्ति, नैऋत्यकोण बढेमा रोगशोक दायक, आग्नेय कोण बढेमा राजभय, अग्निभय र शत्रुभय हुन्छ । ईशान बाहेक अन्य अशुभ कोण बढेको भएमा त्यति भागलाई छोडेर समकोण घडेरीमा घर बनाउनु पर्दछ। धेरैवटा कोण भएमा सकभर नवनाउनु, यदि घर बनाउनु नै परेमा विधिपूर्वक कोणवेध गर्नुपर्दछ । घरको जग खन्दा देवाकृति पत्थर, कछुवा, सग्लाईटा आभूषण, पुराना सिक्का, मूँगा, चाँदी आदि प्राप्त भएमा शुभ हुन्छ । धमिराको देवल सर्पको कुर वा फुल, फाटेको कपडा, कोईला, हड्डीका टुक्रा, केशको गुजुल्टो, रुखको ठुटो आदि भेटिए राम्रो मानिदैन,त्यसलाई सावधानी पूर्वक हटाउनु पर्दछ। त्यस्तो घडेरीमा आवास बनाउनु परेमा विधिपूर्वक भूमि शोधन तथा शिलान्यास गर्नुपर्दछ ।

दक्षिणतर्फ वाटो भएको घडेरीको आन्तरिक बनोट



वाटोको आधारमा

घरदेखि उत्तर र पूर्वतर्फ वाटो भएमा अत्यन्तै शुभ, दक्षिण र पश्चिमतर्फ वाटो भएमा मध्यम, दक्षिण र पूर्व वाटो तथा उत्तरवन्द भएमा धनको क्षय हुन्छ । पूर्व वन्द भई अन्य तीनै दिशामा निकास भएमा व्यापारमा लाभ, उत्तर वन्द भई अन्य दिशा खुला भएमा घर मूलीलाई कष्ट, पश्चिम वन्द भई अन्य खुल्ला भएमा लाभप्रद र दक्षिण वन्द भएर बाँकी दिशा खुल्ला भएमा सुखशान्ति दायक हुन्छ । चारैतिर खुल्ला वाटोहरू भएको घडेरीमा व्यक्तिगत भन्दा सरकारी भवन वनाउँदा शुभप्रद हुन्छ ।

पश्चिमतर्फ वाटो भएको घडेरीको आन्तरिक बनोट



घरको आन्तरिक व्यवस्था

घरको आन्तरिक बनोटमा घरको मध्यभागवाट विभिन्न दिशा र कोणको प्रयोग विभिन्न प्रयोजनमा गरिन्छ । घर भित्रका मुख्यस्थानको व्यवस्थापन निम्नानुसार गर्न सकिन्छ।

भान्साघर

भान्साको लागि आग्नेयकोण सर्वोत्तम हो । यदि आग्नेय कोणमा संभव नभए पूर्व वा पश्चिममा वनाउन सकिन्छ, तर आग्नेयकोणलाई नै प्राथमिकता दिनुपर्दछ । यदि घरको अन्य कुनै दिशामा भान्साघर छ र त्यसलाई बदल्न सकिदैन भने आग्नेय कोणमा एउटा घ्यूको वत्ती वा वल्व अवश्य बाल्नुपर्दछ । ईशान कोणमा भान्साघर कदापि राख्नु हुदैन, बनेको भएमा त्यस लाई तुरुन्त बदल्नु पर्दछ । सामान्यत: घरको प्रवेशद्वार पूर्वतर्फ राख्नु पर्दछ र प्रवेशद्वारवाट भान्साघर देखिनु हुदैन । भान्साघरको वायव्यकोणमा अन्न-तेलका भाँडाहरू राख्नु पर्दछ । अनावश्यक खाली भाँडाहरू

राख्नु हुदैन, सन्तानक्षय: हुन्छ । पानीको गाग्री वा भाँडा भान्साघरको ईशान कोणमा र ग्याँस सिलिण्डर नैऋत्य कोणमा राख्दा राम्रो हुन्छ । फ्रिज नैऋत्य कोणमा राख्नु हुदैन । गह्रौं खालको सामान राख्दा कोठाको दक्षिण तर्फ राख्नु पर्दछ । भान्सामा राखिएको चूल्हो ग्याँस आदि ढोकाबाट देखिनु राम्रो हुदैन । भान्सा कोठामा खाने व्यवस्था गरिन्छ भने पूर्व उत्तर वा पश्चिम तर्फ फर्केर खाँदा उचित तर दक्षिण फर्केर कदापि भोजन गर्नु हुदैन ।

पूजाकोठा

घरको पूर्व र उत्तरको बीचको भाग अर्थात् ईशानकोण पूजास्थल हो । यसका अतिरिक्त उत्तर र पश्चिम पनि शुभ नै मानिन्छ । पूजा कोठा सदा स्वच्छ र पवित्र राख्नु पर्दछ । पूजागर्दा उत्तर वा पूर्व फर्केर पूजा गर्नुपर्दछ । पूजा कोठामा सुत्नु हुदैन, परिस्थितिवश सुत्नु परेमा पर्दाको प्रयोग गर्नु पर्दछ तर यो स्थायी व्यवस्था भने हुनु हुदैन, यसमा पनि विवाहित दम्पत्तिलाई सर्वथा निषेध छ । हवन आदि गर्नुपरेमा आग्नेय कोणको प्रयोगगर्ने। पूजा कोठामा गणेश, कुवेर, दुर्गाको तस्विर दक्षिणतर्फ । ब्रम्हा,विष्णु, शिव, इन्द्र, सूर्यको फोटो वा प्रतिमा पूर्व अथवा पश्चिम फर्केको, हनुमानजीको फोटो नैऋत्यकोण तर्फ फर्काउनु पर्दछ । अन्य देव-देवीका तस्विर भने उत्तरतर्फको भित्तामा झुण्ड्याउनु पर्दछ। पितृहरूको फोटो भने दक्षिणबाट उत्तरतर्फ फर्काएर राख्दा शुभ हुन्छ ।

स्नानघर (बाथरुम)

घरको पूर्व र ईशान कोणमा स्नानघर वा शौचालय कदापि बनाउनु हुदैन, (त्यो देवक्षेत्र पूजास्थल हो) यदिबनि सकेको छ भने त्यहाँबाट हटाउनु नै श्रेयकर हुन्छ । स्नान घरको लागि उत्तर, पूर्व, ईशान, नैऋत्य वाहेकका दिशा उचित हुन्छन् । यसको ढोका पूर्व वा उत्तर फर्केको हुनुपर्दछ । ऐना बाथरुमको भित्र भन्दा बाहिरपट्टी भित्ताको दायाँ भागमा उचित हुन्छ। शौचालयमा बस्दा उत्तर वा दक्षिण फर्कनु राम्रो हुन्छ । पूर्व वा पश्चिम कदापि नफर्कनु। एटेचबाथरुम सुत्नेकोठाको उत्तरतर्फ राख्नै हुदैन । वास बेसिनको प्रयोग पूर्व वा उत्तर फर्केर तर दक्षिण फर्केर गर्नु हुदैन । नुहाँउदा भरसक पूर्वतर्फ फर्केर नुहाँउनुपर्दछ ।

जलाशय

जल नै मानवको जीवन हो । घरमा यसका विविध स्वरुपहरू जस्तै इनार, भूमिगत जलभण्डार (अण्डरग्राउण्ड ट्याङ्की) पोखरी, भूगर्भजल(बोरिङ), धारा आदिको निर्माण गरिन्छ । यसका लागि ईशानकोण सर्वोत्तम पूर्व वा पश्चिम दिशा पनि उचित नै मानिन्छ तर दक्षिण अशुभ हुन्छ । यदि बनिसकेको भएमा ईशानकोणमा एउटा धारा पानी आउने वा सानो ट्याङ्की (पानी भएको) राखेमा राम्रो हुन्छ।

शयनकक्ष

घरको प्रवेशद्वारका आधारमा अलग-अलग कोण वा दिशामा शयनकक्ष निर्धारित छन् । शयनकक्ष खुल्ला र हावादार हुनुपर्दछ। यसको रङ्ग संयोजन राशिनुसार गरेमा अत्यन्त शुभप्रद हुन्छ तापनि हल्का निलो, हल्का गुलाबी, हल्का पहेंलो वा आफ्नो इच्छानुसार कुनै हल्कारङ्ग उपयुक्त हुन्छ । पूर्वतर्फ सिरानी गर्नु सबैका लागि उचित हुन्छ, दक्षिणतर्फ कहिल्यै सिरानी नगर्नु भन्ने गरिन्छ तर विवाहित दम्पतिलाई दक्षिण सिरान लगाउनुमा दोष छैन। शयन कक्षमा दिनैपिच्छे तन्ना फेर्ने हो भने– आइतवार रातो रङ्गको, सोमवार सेतो, मङ्गलवार गुलाबी, बुधवार हरियो, विहीवार पहेंलो, शुक्रवार सेतो र शनिवार निलोरङ्गको तन्ना लगाएर सुत्दा उचित हुन्छ ।

बैठक वा अध्ययन कोठा

बैठक वा अध्ययन कोठामा सरसामानहरू पनि वास्तु अनुरुप राख्दा उपयुक्त हुन्छ । कोठाको दक्षिणपूर्वी कुनामा टेलिभिजन, फ्रिज आदि अग्नितत्व प्रधान विद्युतीय उपकरणहरू राख्नुपर्दछ । टेलिफोन आग्नेयकोणका अलावा रिक्त उत्तर वा वायव्यकोणमा पनि राख्न सकिन्छ । सिलाई मेसिन पश्चिमतर्फ राखेमा राम्रो हुन्छ । सोफासेट दक्षिणबाट उत्तर फर्केको उचित हुन्छ, यसका अतिरिक्त ईशान तथा उत्तरमा पनि राख्न सकिन्छ । श्रृङ्गारटेवल पूर्वपट्टी फर्काएर राख्नुपर्दछ । पुस्तकको दराज पश्चिमफर्केर रहेको राम्रो हुन्छ । कम्प्युटरमा काम गर्दा उत्तर फर्केर उचित हुन्छ ।

घरको मूलद्वार

घरको मूलढोका पूर्वबाट पश्चिमतर्फ वा उत्तर वा पूर्व तर्फ प्रवेश भएको शुभ हुन्छ । यसमा सकभर कालो रङ्ग प्रयोग गर्नु हुँदैन । घरको रेलिङमा उज्यालो नीलो वा पहेंलो रङ्ग राम्रो मानिन्छ ।

आठ दिशाको प्रयोग विधि

पूर्व: खानाखाने ठाउँ, इनार, फूलबारी तथा ढोका आदि ।
आग्नेय: पाकशाला, विद्युतीय उपकरण, सानोभण्डार आदि।
दक्षिण: सामान्यतया सुत्नेकोठा, ठूलारुखहरू, बगैंचा आदि।
नैऋत्य: ठूलो भण्डार, मुख्य शयनकक्ष, शौचालय आदि ।
पश्चिम: स्नानघर/शौचालय, पानीट्याङ्की, छायाँदार रुखहरू।
वायव्य: बैठककोठा, सभाहल, मनोरञ्जन उपकरणहरू ।
उत्तर: इनार, तलाउ, मनोरञ्जन हल आदि ।
ईशान: पूजास्थल, अध्ययनकक्ष, बच्चाको शयनकक्ष, इनार आदि शुभ तर शौचालय र भोजनालय अत्यन्तै अशुभ ।

कार्यालयमा

कार्यालयको लेखाशाखा पूर्वमा, स्टोर दक्षिणमा, गेट पूर्वमा, पानी ईशानकोणमा, उत्तरतर्फ हल्का सामाग्रीहरू वास्तुशास्त्रीको परामर्शमा स्थापना गर्नुपर्दछ । प्रशासकीय अधिकृतकक्ष उत्तरतर्फ राख्नुपर्दछ । शौचालय केही दक्षिण च्यापेर नैऋत्यकोणमा बनाउनु पर्दछ । कम्प्युटरमा उत्तर फर्केर काम गर्नुपर्दछ। कार्यालयमा आगलागी वा अन्य कुनै दुर्घटनाबाट बच्न वास्तुशास्त्र अनुसार जलतत्व, अग्नि- तत्व, पृथ्वीतत्व, तेज वा विद्युततत्वको समायोजन वा अवस्थालाई अवश्य ध्यान दिनुपर्दछ। ठुला भवनहरूमा निकासको अतिरिक्त व्यवस्था पनि अवश्य गर्नुपर्दछ ।

घरजग्गा खरिद शुभाशुभ विचार

घरजग्गा किन्दा क्रेताको राशि र जग्गा रहेको ठाउँको प्रचलित नाम शहर/टोल/गल्ली/गाँउ/कोलोनी आदिको पहिलोअक्षरबाट निस्कनेराशिको आधारमा विचारगर्नु पर्दछ । यदि व्यक्तिको राशिदेखि जग्गाको राशि पहिलो र सातौं राशि परेमा त्यस्तो क्षेत्रको जग्गा वा घर किन्दा शत्रु बढ्ने, झगडा आदि हुन्छ । यदि तेस्रो, चौथो, छैठौं, आठौं र बाह्रौं परेमा पनि अशुभ मानिन्छ । यदि नगर वा शहरको पहिलो अक्षरबाट विचारगर्दा क्रेताको राशिसित मेल नखाएमा टोल/गल्ली/क्षेत्र/कोलनी/गाँउ आदिको प्रचलित नामको पहिलो अक्षरबाट विचार गर्नुपर्दछ । यदि उक्त मध्ये धेरै जसो क्रेताको राशिसित तालमेल नमिलेमा त्यहाँ खरिद बिक्री नगर्दा नै उचित हुन्छ ।

वास्तुदोष निवारणको सजिलो उपाय

